
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratεekdaily.com

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
epratεekdaily.com


kirloskar
Oil Engines
डिजल पम्प
रोटाभेटर
अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ भदौ २४ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 September 09 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३

## सिट बाँडफाँड न्यायोचित हुनुपर्छ –यादव

प्रस, वीरगंज, २३ भदौ/

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले न्यायोचित तवरमा सिटको बाँडफाँट नभए गठबन्धनको अर्थ नरहने दोहऱ्याएका छन् ।




वीरगंजमा स्थापना भएको मधेस विश्वविद्यालयको कार्यालय भवनको बिहीवार अध्यक्ष यादव र मधेस प्रदेशका मुख्यमन्त्री लालबाबूराउत गद्दीले संयुक्त रूपमा उद्घाटन गरेको कार्यक्रममा बोल्दै अध्यक्ष यादवले हिजो वीरगंजमा आयोजित अगुवा कार्यकर्ता भेलामा भनेको कुरा दोहऱ्याएका हुन् । उनले तालमेल गर्दा न्यायोचित हिस्सा र भागेदारी भएन भने गठबन्धनको कुनै अर्थ नरहने बताए। उनले सबै दललाई जीत हुने गरी अगाडि बढ्नुपर्ने पनि बताए। अध्यक्ष यादवले जसपाले ३२ सिट दाबी गरेको बताए । उनले भने– हाम्रो दाबी ३२ सिटमा छ, यो छलफल र समझदारीको विषय हो समझदारीमा लागेको टुङ्गो मान्य हुने पनि बताए ।

सिट बाँडफाँड कार्यदललाई प्रतिवेदन बुझाउन भनिएको र सम्भवतः बिहीवार कार्यदलको प्रतिवेदन आएपछि नेताहरूसँग बसेर छलफल गरी टुङ्ग्याउने बताए ।

कार्यक्रममा मुख्यमन्त्री गद्दीले वीरगंजवासीको ०५४ सालदेखिको विश्वविद्यालय स्थापना गर्ने सपना पूरा भएको दाबी गरे। वन तथा वातावरणमन्त्री प्रदीप यादवले मधेस विश्वविद्यालयको स्थापना भएकोमा खुशी व्यक्त गरे । विश्वविद्यालयका उपकुलपति प्राडा दीपक शाक्यले नेशनल ट्रेडिङको १५ कठ्ठा जमीनमा तत्काल विश्वविद्यालयको कार्यालय स्थापना गरिएको र पर्सा जिल्लामा १ सय बिघा जमीन खोजेर विश्वविद्यालयका लागि अन्य पूर्वाधार निर्माणको काम अघि बढाउने तयारी रहेको बताए ।

कार्यक्रममा उपकुलपति तथा सामाजिक विकासमन्त्री नवलकिशोर साह, नगरप्रमुख राजेशमान सिंह, वीउवासङ्घका अध्यक्ष सुबोध गुप्तालगायतको सहभागिता थियो ।

## समान्य विवादका कारण जिप्रका भवन अलपत्र

प्रस, वीरगंज, २३ भदौ/

सामान्य समस्याले गर्दा जिल्ला प्रशासन कार्यलय, पर्साको नवनिर्मित भवनको काम अलपत्र परेको छ ।


जिल्ला प्रशासन कार्यलय, पर्साको नवनिर्मित भवन । तस्वीरः प्रतीक

जिल्लाभरिको समस्या समाधान गर्ने जिल्ला प्रशासन कार्यालय, पर्साले आफ्नै समस्या समाधान गर्न नसकेको कारण ठेकेदार पक्ष काम छोडी हिंडेको छ ।

चालू आर्थिक मसान्तभित्र भवन निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण गर्ने तयारी रहेको बेला सघन शहरी भवन कार्यालय तथा जिल्ला प्रशासन कार्यलयबीच मनमुटाव हुँदा भवन अलपत्र परेको छ ।

भवन निर्माणको क्रममा डण्डी, क्रंकिटलगायत केही सामानको मूल्य थपघट भएको, सोको मूल्य भेरिएशन अर्डर जिल्ला प्रशासन कार्यालय, पर्साले स्वीकृत गर्न नचाहेपछि भवन अलपत्र परेको छ ।

यस विषयमा प्रमुख जिल्ला अधिकारी उमेश ढकालसँग बुझ्दा पहिलेको प्रमुख जिल्ला अधिकारीले फाइल किन स्वीकृत नगरेको कुरा बुझ्ने अनि फाइल सदर गर्ने बताए । शहरी सघन कार्यलयका प्रमुख झपटबहादुर थापाले ठेकेदारले काम गर्ने बेला केही काम बढी काम गरेको र त्यसले गर्दा बढेको मूल्य नपाउँदा काम छोडी हिंडेको बताए ।

कवीन्द्र/नव सिर्जनशील जेभी काठमाडौंले आर्थिक वर्ष २०७७ असार ३ गते भ्याटसहित ११ करोड ६६ लाखमा ३ तल्ले फ्रेम स्ट्रचर भवन निर्माणको ठेक्का सकार गरेको थियो । ठेकेदारले अहिले गर्नुपर्ने काममध्ये आंशिक ईंटा जोडाइ, कार पोर्च, पेंटिङ, फिनिसिङ, झ्याल–ढोका, बिजुली तथा कम्पाउन्ड वालको काम बाँकी रहेको छ । समयमा भवन सञ्चालन नहुँदा सेवाग्राही मर्कामा परेका छन् । अहिले पुरानो भवनमा कर्मचारी तथा सेवाग्राही कोचिएर काम गर्न बाध्य छन ।

## बारा काङ्ग्रेसमा गुटबन्दी

## दुई समूहबाट छुट्टाछुट्टै उमेदवार सिफारिश

प्रस, जीतपुर, २३ भदौ/

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि नेपाली काङ्ग्रेस बाराले छुट्टाछुट्टै नाम सिफारिश गरेपछि बारा काङ्ग्रेसको आन्तरिक द्वन्द्व बाहिरिएको छ ।




काङ्ग्रेसको दुई सहमहामन्त्री फरमुल्लाह मन्सुर र उमाकान्त चौधरी पक्षबाट दुईथरी नाम सिफारिश भएको कुरा बाहिरिएको छ । दुवै गुटले पार्टीको आधिकारिक लेटरप्याडमा छुट्टाछुट्टै नाम सिफारिश गर्दै आफ्नो गुट आधिकारिक भएको दाबी गरेका छन् ।

दुवै सहमहामन्त्री सभापति शेरबहादुर देउवा पक्षधर भए पनि जिल्लामा भने दुई गुटमा विभाजित छन् । सहमहामन्त्री मन्सुर पक्षबाट शेखर कोइराला निकटका उपसभापति मनोज भट्टले भदौ १९ गते र खानेपानीमन्त्री एवं बारा क्षेत्र नं. १ का सांसद चौधरी पक्षका नेताले गरेको सिफारिशमा जिल्ला सभापति राजेश यादवले भदौ २० गते नामावली सार्वजनिक गरेका हुन् । बारा जिल्ला कार्य समितिको निर्वाचनमा भएको दुई गुट अहिले सक्रिय रहेको बताएको छ ।

बारा क्षेत्र नं. १ मा मन्सुर पक्षका पदाधिकारीले शम्भुबहादुर बुढाथोकी, विजयशङ्कर यादव र शैलेन्द्रकुमार फौजदारको नाम सिफारिश गरेका छन् भने चौधरी पक्षबाट मन्त्री चौधरीको एकल नाम सिफारिश भएको छ ।

यसैगरी बारा क्षेत्र नम्बर २ मा मन्सुर पक्षबाट रामअयोध्याप्रसाद यादव र चौधरी पक्षबाट राधेचन्द्र यादवको नाम सिफारिश भएको छ। क्षेत्र नं. ३ बाट भने पूर्वमन्त्री मन्सुरको नाम दुवै पक्षबाट सिफारिश भएको छ । मन्सुर पक्षका पदाधिकारीले गरेको सिफारिशमा मन्सुरसहित रामानन्दप्रसाद यादव र प्रभातकुमार चौरसियाको नाम सिफारिश भएको छ भने चौधरी पक्षबाट मन्सुरको मात्रै नाम सिफारिश गरिएको छ ।

बारा क्षेत्र नं. ४ मा मन्सुर पक्षबाट लालबाबू सिंह भूमिहार, इच्छाबहादुर वाग्ले, कृष्णव्रत सिंह, कपिलदेवप्रसाद यादव र राजेश्वर चौरसियाको नाम सिफारिश भएको छ भने चौधरी समूहबाट डा. शोभाकर पराजुली, सुनीलकुमार गुप्ता कलवार, लालबाबूसिंह भूमिहार, इच्छाबहादुर वाग्ले र राजेश्वरप्रसाद चौरसियाको नाम सिफारिश भएको छ ।

प्रदेशसभामा बारा क्षेत्र नं १ (क) मन्सुर समूहले शम्भुबहादुर बुढाथोकी, पेमासिद्धि लामा, विष्णु खड्का, प्रदेश (ख) बाट उपेन्द्रप्रसाद जैसवाल, चन्द्रशेखरकुमार यादवको नाम सिफारिश गरेको छ भने चौधरी समूहबाट क्षेत्र नं १ (क) बाट सुरेशकुमार खनाल, टेकबहादुर लामा, पेमासिद्धि लामा, रमेश दङ्गाल, नवराज तिमिल्सिना, ललितबहादुर राउत, जयमङ्गल चौधरी, सुब्बा सिंह बड्यु, दिलमोहन चौधरी, श्रवण मैनाली र (ख) बाट चन्द्रिकाप्रसाद गुप्ता, भागवतप्रसाद साह, धमेन्द्रप्रसाद यादवको नाम सिफारिश भएको छ ।

यसैगरी बारा क्षेत्र नं. २ (क) बाट मन्सुर समूहले गोपाल जयसवाल, हरेन्द्रप्रसाद यादव र (ख) बाट राजेशकुमार रौनियारको नाम सिफारिश गरेको छ भने चौधरी समूहबाट (क) बाट रामप्रवेश यादव, राजेशकुमार साह, चित्ररेखा चौधरी, अनिल चौधरी, वीरेन्द्रप्रसाद यादव, भुलेन्द्रप्रसाद यादव, मुस्तारमहमद मियाँ, विजय स्वर्णकार, सार्थक पौडेल, रामचन्द्र साह, गोपालप्रसाद साह, रामचन्द्र गिरी, सुरेन्द्रप्रसाद साह, देवनारायण पासवान, पचुवा माझी मुसहर, अमनुल्लाह अलि, श्रवण चौधरी र (ख) बाट रामएकबालप्रसाद यादव, अशोकप्रसाद चौरसिया, बृजकिशोर यादव, देवेन्द्रप्रसाद गिरी, प्रभुनाथ राउत, गजानन्दप्रसाद यादव, गौरीशङ्करसाह कानूको नाम सिफारिश भएको छ ।

बारा क्षेत्र नं. ३ (क) बाट मन्सुर समूहले मनोजकुमारशर्मा भट्ट, राजेशकुमार भण्डारी, देवेन्द्रप्रसाद उपाध्याय, शरदचन्द्र भट्टराई, ओमराज पाण्डे, राजलालप्रसाद साह, विकल्प भट्टराई र (ख) बाट जयचन्द चौरसिया, तेजनारायण साह, महमत अतिउर रहमान, फुलमहमद मियाँ धुनिया, राजेन्द्रकुमार जैसवार, अवधेश यादव, जङ्गबहादुर चौरसिया, अख्तर हुसेन मन्सुर, राजेशसिंह भूमिहार, अफतर हुसेन, अम्बिकाप्रसाद, अनिल मण्डल र चौधरी समूहले क्षेत्र नं ३ को (क) बाट ओमराज पाण्डे, राजालाल प्रसाद, देवेन्द्र उपाध्याय, उपेन्द्रप्रसाद यादव, राजेशकुमार भण्डारी, शरदचन्द्र भट्टराई, विकल्प भट्टराई र (ख) बाट अवधेशप्रसाद यादव, जङ्गबहादुर चौरसिया, तेजनारायणप्रसाद कलवार, अम्बिकाप्रसाद यादव, फुलमहमद मियाँ

(बाँकी अन्तिम पातामा)

## नारायणी सिमेन्टका २६ जनाले रक्तदान गरे

प्रस, वीरगंज, २३ भदौ/

विश्वकर्मा पूजाको अवसरमा नारायणी सिमेन्ट उद्योग प्रा.लि. लिपनीमाल, बारामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।




प्रत्येक वर्ष विश्वकर्मा पूजाको अवसरमा सो सिमेन्ट उद्योगले रक्तदान कार्यक्रम आयोजना गर्दै आएको र बिहीवार आयोजित रक्तदान कार्यक्रममा २६ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

उनले दिलीपसिंह सेखावत, चित्तरञ्जन ठाकुर, बलराम यादव, सुदर्शन सापकोटा, पप्पु झा, अनिल यादव, शक्तिकुमार महतो, मेघराजप्रसाद चौधरी, सरोजकुमार दहाललगायतले रक्तदान गरेको बताए ।

कार्यक्रममा उद्योगका महाप्रबन्धक उमेशचन्द्र ठाकुर, परवानीपुर गाउँपालिकाका अध्यक्ष रामक्षत्री पटेल, पुर्व वडाध्यक्ष गजेन्द्र पटेललगायतको सहभागिता थियो ।

## जगरनाथपुरपछि ठोरी गापामा पनि पशु हाटबजार सञ्चालन

प्रस, ठोरी, २३ भदौ/

ठोरी गाउँपालिकामा पशु हाट बजार सञ्चालनमा आएको छ। गापा उपाध्यक्ष



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै गापा अध्यक्ष गोकुलीकुमारी रेग्मी। तस्वीरः प्रतीक

गोकुलीकुमारी रेग्मीले बिहीवार पशु हाटबजारको उद्घाटन गरेसँगै बजार सञ्चालनमा आएको हो ।

ठोरी गापा–४ विजयबस्ती पशु हाजबजार सञ्चालनमा आएको र साताको दुई दिन बजार लाग्ने बताइएको छ । पशु हाटबजार समितिका अध्यक्ष हरिप्रसाद सिलवालले बिहीवार र सोमवार दुई दिन पशु हाटबजार सञ्चालन हुने बताए । गापा उपाध्यक्ष रेग्मीले पशु हाटबजारले ठोरी र आसपास अन्य पालिकाका किसानहरूलाई पशुपालनतर्फ आकर्षित पार्ने दाबी गरिन्। उनले पशु हाटबजारबाट विजयबस्तीका जनता लाभान्वित हुने र बन्द व्यापारमा पनि टेवा पुग्ने बताइन् ।

बजार समितिका अध्यक्ष हीराबहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा वडाध्यक्ष मानबहादुर थिङ, नेकपा एमाले ठोरी गापा अध्यक्ष खगेन्द्र श्रेष्ठ, पशु क्वारेन्टाइन कार्यालय वीरगंजका प्रमुख डा. हरेरामप्रसाद यादव, डा. पुष्पेन्द्र साह, डा. दिनेशकुमार तिवारी, जीराभवानी गापाका पशु शाखा प्रमुख छत्रबहादुर साह, इलाका प्रहरी कार्यालय ठोरीका प्रहरी निरीक्षक श्यामकृष्ण श्रेष्ठ, सशस्त्र प्रहरी बोर्डर आउटपोस्ट सुवर्णपुरका सशस्त्र प्रहरी निरीक्षक दीपक नापितको सहभागिता थियो ।

यसअघि पर्सा जिल्लाको जगरनाथपुर गापामा पहिलो पशु हाटबजार सञ्चालनमा आएको थियो। कार्यक्रमको सहजीकरण गोपी श्रेष्ठले गरेका थिए ।

## विचारसार र सूक्तिहरू

**बलको आवश्यकता कुनै गलत काम गर्नका लागि चाहिन्छ। असल काम गर्नका लागि त एउटा प्रेम नै काफी छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


## देखाउने दाँत

**देखाउने र खाने, हात्तीको दुई किसिमको दाँत हुन्छ। जसले यो सामान्य कुरा बुझ्दैन, उसले हात्तीको स्वभावलाई बुझ्न सक्दैन। वास्तविकता बुझ्न नसके ठोकर लाग्छ, धोखा खाइन्छ, दुर्घटना हुन्छ। हाम्रो मुलुकका राजनीतिक दलहरूको शैली हात्तीको दाँतजस्तै छ। त्यसलाई स्थानीय नेता, कार्यकर्ताहरूले बुझ्न सकेका छैनन्। त्यसैले उनीहरू पटकपटक धोखा खाइरहेका छन्। यति बेला राजनीतिक दलहरूलाई उम्मेदवार छनोट गर्ने चटारो छ। दलहरूले आसन्न प्रतिनिधि सभा र प्रदेशसभाका लागि उम्मेदवार छनोट गरी विकल्प सहित सिफारिश गर्ने जिम्मेवारी प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय एकाइ र प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय एकाइलाई सुम्पेको छ। केन्द्रीय पार्टीले अन्तर्पार्टी निर्देशन जारी गरेर अधिकार प्रत्यायोजन गरेपछि स्थानीय पार्टी एकाइहरू भुईंमा न भाँडामा भएका छन्। टिकटको लागि अहिले स्थानीयस्तरमा गुट–उपगुट चलेको छ। आफूले चाहेको नाम सिफारिश गराउन जुनसुकै हतकण्डा अपनाउन उनीहरू तयार छन्। कतिपय एकाइले एकल नाम छनोट गरेका छन् भने कतिपयले एउटा पदका लागि दर्जनौं नाम सङ्कलन गरेका छन्। केन्द्रीय पदाधिकारीको एकल नाम उम्मेदवारको रूपमा सिफारिश गरी पठाउने एकाइहरू पनि धेरै देखिएका छन्।**

**को कहाँबाट चुनाव लड्ने वा नलड्ने कुरा केन्द्रीय स्तरमा एक किसिमले पहिले नै तय भइसकेको हुन्छ। पार्टी हाँक्ने नेतृत्वले निर्वाचन क्षेत्रबारे केही बुझेका हुँदैनन् भनी ठान्नु मूर्खता हो। पाँच वर्ष अघि चुनाव जितेर गाउँ बिर्सेका नेताहरूलाई कार्यकर्ताबीच आउन कुनै न कुनै बहाना चाहियो। उम्मेदवार चयनका निम्ति छलफल गर्ने बहानामा स्थानीय नेता, कार्यकर्तासँग उठ–बस, घुलमिल हुन पाइन्छ, तब मात्रै भोलि टिकट वितरण भइसकेपछि कार्यकर्ताको साथ मतदाताको घरदैलोमा जान सहज हुन्छ। यसको अर्को पक्ष पनि छ, उम्मेदवार चयन गर्ने अधिकार स्थानीय एकाइलाई दिंदा उनीहरू उपल्लो नेतृत्वलाई गुनासो गर्ने आपसी खिचातानीमा व्यस्त हुनेछन्। अन्ततः केही नलागेपछि उपल्लो तहलाई अधिकार सुम्पुवा गरिदिनेछन्। विगत देखि वर्तमानसम्म त्यही हुँदै आएको छ।**

**विकल्पसहित उम्मेदवारको नाम पठाउँदा केन्द्रीय नेतृत्वले चाहेको व्यक्ति त्यसमा अवश्य नै पर्छ। अन्तिम वरीयतामा पठाए पनि टिकत उसैले पाउने हो। एकल नाम पठाउँ भने पार्टी निर्देशनविपरीत ठहर्ने हुँदा त्यसमा प्रदेश वा केन्द्रले नाम थप्न सक्छ। यसो हुँदा त्यहाँ केन्द्रले चाहेको उम्मेदवार प्रवेश गर्ने बाटो खुल्छ। हरेक पार्टीको उम्मेदवारको मनोनयन व्यावहारिकरूपले केन्द्रीय अध्यक्षमा निहित छ। अध्यक्ष भन्दा अरू पदाधिकारी पनि प्रभावशाली रहेको पार्टीमा पदाधिकारीबीच केही विचार विमर्शसम्म हुन सक्ला। केन्द्रीय सदस्यहरूले त टिकटबारे अरूको लागि मुख खोल्न पनि सक्दैनन्, किनभने उनीहरूलाई आफ्नै टिकट धान्न धौधौ परिराखेको हुन्छ। यसर्थ स्थानीय तहलाई उम्मेदवार चयनका निम्ति दिइएको अधिकार हात्तीको देखाउने दाँत मात्रै हो। यसलाई अधिकांशले बुझेका छैनन्। नेपाली काङ्ग्रेसका अमरेश कुमारको नाम स्थानीय एकाइले सिफारिश गरेन तर उनले नै टिकट पाउने प्रबल सम्भावना छ। पर्सामा भर्खर एमाले प्रवेश गरेका प्रह्लाद गिरीको नाम पनि स्थानीय एकाइले सिफारिश गरेको छैन। सम्भवतः भोलि उनकै नाममा टिकट आउन सक्छ। जबसम्म यो तथ्य स्थानीय कार्यकर्ताले बुझ्दैनन् तबसम्म नेतृत्वले खेलिरहने छ।**

# समानुपातिकलाई औचित्यहीन न बनाऔं

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**समानुपातिको मर्म आरक्षण हो। यो आरक्षण प्रतिस्पर्धामा आउन नसक्ने व्यक्ति, जाति र वर्गलाई हो। सधैं एउटै व्यक्तिलाई यस्तो अवसर दिनुहुँदैन। प्रत्यक्ष निर्वाचन प्रणाली महँगो हुँदै गएको परिप्रेक्ष्यमा समानुपातिक नै उपेक्षित, पीडित र वञ्चितिमा पारिएका समुदायको निम्ति संसदमा पुग्ने सही मार्ग हुन सक्छ। यसको दुरुपयोग नहोस् !**

लोकतन्त्र भनेको जनताको प्रतिनिधित्व सुनिश्चत गर्ने शासन व्यवस्था हो। निर्वाचनका माध्यमबाट जनताले प्रतिनिधि चुन्ने व्यवस्था अहिलेसम्म उपलब्ध व्यवस्थामध्ये कै सर्वोत्कृष्ट मानिन्छ। तर निर्वाचनबाट सबै वर्ग, समुदाय, जाति, भूगोललगायतको प्रतिनिधित्व सम्भव नदेखिंदा वैकल्पिक माध्यमको पनि व्यवस्था गरिएको हुन्छ। राष्ट्रियसभालाई पनि एउटा माध्यम मान्न सकिन्छ। दक्षिणी छिमेकी भारतमा पनि दुई सदनात्मक विधानसभा र विधानपरिषद्को व्यवस्था गरिएको छ। केन्द्रशासित प्रदेशहरूमा भने एउटै सदन रहेको हुन्छ। जनान्दोलन–२ को सफलता पश्चात् नेपालको राजनीतिमा केही नयाँपन ल्याउने मनसायले दक्षिण अफ्रिकालगायत देशहरूको निर्वाचन प्रणालीबाट सिको गर्दै हाम्रो देशमा पनि समानुपातिक निर्वाचन प्रणाली लागू गरियो। दक्षिण अफ्रिकामा लामो समयदेखि शासन सत्ता सम्हाल्दै आएका गोराहरूसित सोझो प्रतिस्पर्धामा उभिन कठिन हुने ठानेर त्यहाँका राजनीतिज्ञ, संविधान र कानूनका ज्ञाता तथा विदेशबाट झिकिएका केही सल्लाहकारहरू समेतले जनसङ्ख्याको आधारमा प्रतिनिधित्वको सुनिश्चितता हुनुपर्ने भन्दै समानुपातिक निर्वाचन प्रणाली लागू गर्ने काम भयो। हाम्रो देशमा पनि यही सिको गर्ने काम भएको छ र समानुपातिक निर्वाचन प्रणाली लागू गर्ने काम भएको छ। यो विनाअक्कल नक्कल गर्ने काम भएको छ। जुन देशका नेताहरूले नै समानुपातिक निर्वाचन प्रणालीको महत्त्व बुझेका छैनन् उनीहरूका लागि समानुपातिकको के अर्थ र के महत्त्व ? समानुपातिक निर्वाचन प्रणाली राम्रो होइन, तर यसलाई महत्त्वहीन बनाउने काम राजनीतिक दलहरूबाटै भएको छ।

पहिलो हुने जित्ने बेलायती शैलीको निर्वाचन प्रणालीमा जसको शक्ति छ, जोसँग पैसा छ, जो टाठोबाठो र बढी जान्नेसुन्ने छ, उसैले मात्त जित्ने देखियो। तसर्थ नेपालले पनि २०६४ सालको पहिलो संविधानसभा निर्वाचनबाट समानुपातिक प्रणाली अँगालेर जनताका प्रतिनिधिलाई शासनसत्तामा पुर्‍याउने अभ्यास थाल्यो। देशभरलाई एउटा निर्वाचन क्षेत्र मानेर जुन दलले जति मत ल्याएको छ, त्यसैको आधारमा उसका प्रतिनिधिलाई संसद्मा प्रतिनिधित्व दिने प्रणाली हो समानुपातिक प्रणाली। २०६४ सालमा संविधानसभा सदस्य ६०१ हुँदा ६० प्रतिशत सभासद् नै समानुपातिक निर्वाचन प्रणालीबाट चुनिन्थे। अपेक्षाकृत ठूला दलहरूले आफ्ना अनुभवी अनुहारलाई नै संविधान सभामा पुर्‍याएका थिए, जबकि मधेसी दलहरूले त्यसको दुरुपयोग गरी नयाँ संविधान बनेपछि प्रत्येक निर्वाचनबाट ४० र समानुपातिकबाट ४० प्रतिशत हिस्सा हुनेगरी संसद्को परिकल्पना गरे। अहिले प्रतिनिधिसभामा २७५ सांसदमध्ये १६५ प्रत्यक्षबाट निर्वाचित हुन्छन् भने बाँकी समानुपातिबाट। समानुपातिक निर्वाचन प्रणालीको बलियो पक्ष पछि परेका वा वञ्चितीकरणमा परेको क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नु हो। तर वि.सं. २०६४ सालदेखि नै दलहरूले यसको दुरुपयोग गरे र प्रणालीको मर्मविपरीत यसलाई बदनाम गरे। समानुपातिक प्रणालीमा समावेश गर्ने उम्मेदवारमा दलहरूले त्याग, निष्ठा, समर्पण गरेका आफ्नै दलका कार्यकर्ता भन्दा पैसाबाट व्यापारी, दादागिरी गर्ने ठेकेदार र परिवारको सदस्य अनि नातागोतासम्मलाई समानुपातिकको सजिलो बाटोमार्फत सांसद हुने अवसर दिए। जबकि सबै वर्गको आवाजको प्रतिनिधित्व होस् भन्ने उद्देश्यले समानुपातिक निर्वाचन प्रणाली लागू गरिएको हुन्छ।

देश र समाजमा परिवर्तन ल्याउन खोज्ने, जनताको जनजीवनमा आमूल परिवर्तन ल्याउन जीवनभर सङ्घर्ष गर्ने, त्याग गर्ने समर्पित अनुहारहरूलाई पनि सम्बद्ध राजनीतिक दलहरूले सम्मान गर्नु आवश्यक हुन्छ। जब कुनै पार्टी अथवा सङ्गठनका नेता निर्वाचनमा हुन्छन्, जेलमा हुन्छन्, जङ्गलमा हुन्छन् वा सडक सङ्घर्षमा हुन्छन्, त्यति बेला पद र पैसाको महत्त्वाकाङ्क्षा राख्नुलाई गलत मानिन्छ तर राष्ट्रिय राजनीतिको मूलधारमा समाहित भइसकेपछि पार्टीका नेताहरू संसद्मा पुगिसकेपछि सुविधा र लाभ लिन थालेपछि अन्य कार्यकर्ताहरूले पनि आफ्नो निम्ति भौतिक सुविधाको अपेक्षा राख्नु पाप होइन। तर नेपालका अधिकांश राजनीतिक दलका नेताहरू अवसर, पद र लाभको समान वितरण गर्नुपर्ने अवस्था आउँदा काखा–पाखा गर्न थाल्छन्।

सडक, सङ्घर्ष, आन्दोलन र त्यागका बेला गरीब, निम्न मध्यम वर्गीय र मध्यम वर्गीय परिवारका युवाको खोजी हुन्छ तर आन्दोलन सफल भएपछि पहिले तिनै समर्पित, त्यागी, आन्दोलनकारी र बलिदानी कार्यकर्तालाई बहिष्कार गर्ने गरिन्छ।

नेपालमा व्यापारीलाई संसद्मा पुर्‍याउने प्रयास गर्ने देशको पहिलो राजनीतिक दल नेकपा एमाले हो, जसले त्यति बेलाका चर्चित उद्योगपति मोहनगोपाल खेतानलाई राष्ट्रियसभामा ल्याउने काम गर्‍यो। बहुआयामिक प्रतिभाका धनी उद्योगपति शङ्करलाल केडिया पनि राष्ट्रियसभा आउन खोजेका थिए, तर नेपाली काङ्ग्रेसले उनलाई ठाउँ दिएन, त्यसपछि उनले नेपाल सद्भावना पार्टीका अध्यक्ष गजेन्द्रनारायण सिंहलाई आग्रह गरे, तर गजेन्द्रबाबू उनलाई राष्ट्रिय सभाको निम्ति असुरक्षित ठाउँ उपलब्ध गराए। उनी जित्न सकेनन्। नेसपाबाट रामेश्वर राय राष्ट्रियसभामा विपक्षी भए। तर शङ्करलाल केडियाकै परिवारका विमल केडियालाई पहिलो संविधानसभामा महन्थ ठाकुर नेतृत्वको तमलोपा र दोस्रो संविधानसभामा राजेन्द्र महतोको सद्भावनाले सुरक्षित संविधानसभामा पुर्‍याउने काम गर्‍यो।

मधेसी कोटाको दुरुपयोग विश्वकै डलर उद्योगपति विनोद चौधरीमार्फत नेपाली काङ्ग्रेसमा हुनु हो। व्यापारीहरू दिवाकर गोल्छा, उमेश श्रेष्ठ, इच्छाराज तामाङ, श्रवण अग्रवाल, बाबूराम पोखरेल, राजेन्द्र खेतान, राज्यलक्ष्मी गोल्छा, मोतीलाल दुगडलगायत धेरै उद्योगपति र व्यापारी चन्दाकै भरमा संसद् र संविधानसभा पुगेको अनुमान छ। राज्यलक्ष्मी गोल्छाले त सांसद बन्न एमालेलाई करोडौं रुपियाँ चन्दा दिएको आफैंले खुलासा गरेकी थिइन्। दोस्रो जनान्दोलनमा ज्यानकै जोखिम मोलेर सङ्घर्षमा उभिएकी रामकुमारी झाँक्रीलाई पाखा पार्दै राज्यलक्ष्मीलाई सांसद बन्ने अवसर बेचेको भनेर एमाले आलोचित पनि बनेको थियो। समानुपातिक प्रणालीबाट वञ्चितीकरणमा परेका जाति, समुदाय र पीडित राजनीतिककर्मीलाई प्रतिनिधित्व गराउनुपर्ने हो तर यो प्रणालीबाट व्यापारी मात्र नभई नेताका हनुमानहरू सांसद बनिरहेका छन्। मधेसी दलहरूले त अति नै गरे। सम्भव भए सांसद पद घरमैं राख्ने, न भए बिक्री गरिदिने। मधेसी दलका नेताहरूले पत्नी, प्रेमिका, सम्धिनी, नातेदार, जाति र व्यापारीसित समानुपातिक सिट बिक्री गर्ने गरेको आरोप त स्वयं ती दलका नेताहरूले नै लगाउँदै आएका छन्। दोहोर्‍याएर उही व्यक्तिलाई समानुपातिकमा सांसद बन्ने बनाउने केही दलको निर्णयलाई सराहनीय नै मान्नुपर्दछ। समानुपातिको मर्म आरक्षण हो। यो आरक्षण प्रतिस्पर्धामा आउन नसक्ने व्यक्ति, जाति र वर्गलाई हो। सधैं एउटै व्यक्तिलाई यस्तो अवसर दिनुहुँदैन। प्रत्यक्ष निर्वाचन प्रणाली महँगो हुँदै गएको परिप्रेक्ष्यमा समानुपातिक नै उपेक्षित, पीडित र वञ्चितिमा पारिएका समुदायको निम्ति संसदमा पुग्ने सही मार्ग हुन सक्छ। यसको दुरुपयोग नहोस् !

# अन्तर्राष्ट्रिय साक्षरता दिवस : १६ जिल्ला साक्षर घोषणा हुन बाँकी

काठमाडौं, २३ भदौ/

सरकारले एक दशक अघि 'साक्षर नेपाल अभियान' कार्यक्रम शुरू गरेकोमा अझै मधेस प्रदेशका आठसहित १६ जिल्ला पूर्ण साक्षर घोषणा हुन बाँकी छ। आर्थिक वर्ष २०७५–७६ को बजेट र कार्यक्रममा दुई वर्षभित्र नेपाललाई पूर्ण साक्षर घोषणा गर्ने कार्यक्रम ल्याएपछि पछिल्लो समयमा साक्षर जिल्ला घोषणाको क्रम बढेको छ।

हालसम्म ६१ जिल्ला साक्षर घोषणा भइसकेको छ भने मधेस प्रदेशका सबै जिल्ला (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा), लुम्बिनी प्रदेशको कपिलवस्तु, कर्णाली प्रदेशको मुगु, जुम्ला, हुम्ला, कालीकोट, डोल्पा, सुदूरपश्चिम प्रदेशको कञ्चनपुर र डोटी साक्षर जिल्ला घोषणा हुन बाँकी रहेको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार ७५३ स्थानीय तहमध्ये उक्त जिल्लाका गरी १७६ स्थानीय तह साक्षर घोषणा हुन बाँकी छ। केन्द्रका महानिर्देशक चुडामणि पौडेलले साक्षर नेपाल अभियान कार्यक्रम अन्तर्गत यस वर्ष लागत साझेदारीमा आधारित प्रस्तावनापत्र तयार गर्न लगाई कार्ययोजना अघि बढाएको बताए।

यस अन्तर्गत साक्षर घोषणा हुन बाँकी जिल्ला र पालिकामा सरोकारवालासँग अभिमुखीकरण, साक्षरताका १२ सूचक समावेश गरी सिकाइ सामग्री उत्पादन गरेर वितरण,



विद्यार्थी परिचालन गरी घर, परिवार र समुदायलाई साक्षर बनाउनेगरी कार्यक्रम अघि बढाइएको केन्द्रले जनाएको छ। सम्बन्धित जिल्ला र पालिकामा १५ देखि ६० वर्ष उमेरका ९५ प्रतिशत नागरिक साक्षर भएको पाइएमा साक्षर जिल्ला र साक्षर पालिका घोषणा गर्न सकिने प्रावधान छ।

हाल नेपालमा छ वर्षभन्दा माथिको साक्षरता दर ७८ प्रतिशत, १५ देखि २४ वर्ष उमेर समूहको ९२ प्रतिशत, १५ वर्षमाथिको ५८ प्रतिशत र १५ देखि ६० वर्ष उमेर समूहको साक्षरदता दर ८५ रहेको छ। प्रतिशतका हिसाबले साक्षरता दर सुधारोन्मुख भने देखिएको छ। किनकि विसं २००४ मा नेपालको साक्षरता दुई प्रतिशत थियो।

हाल नेपालमा ३५,६७४ विद्यालय रहेकोमा २७,८१२ सामुदायिक, ६,७३२ निजी (संस्थागत), १,१३० परम्परागत विद्यालय रहेका छन्। यस्तै २,१५१ सामुदायिक सिकाइ केन्द्र, १२१ खुला विद्यालय, औपचारिक प्रौढ विद्यालय १७१ रहेका छन्।

विगतमा साक्षरता अभियानका नाममा सञ्चालन गरिएका विभिन्न कार्यक्रम र प्रयोग प्रभावकारी नभएपछि सरकारले विभिन्न तहका विद्यार्थीलाई स्वयंसेवकका रूपमा परिचालन गर्ने नीति पनि लिएको छ। नेपालमा विसं २००४ देखि साक्षरता अभियान शुरू भएको हो।

'साक्षरता सिकाइ क्षेत्रमा रूपान्तरण' भन्ने वाक्यका साथ आज मनाइएको ५६ औं अन्तर्राष्ट्रिय साक्षरता दिवसका अवसरमा पनि केन्द्रले साक्षरतासम्बन्धी विद्युतीय र अन्य सामग्री उत्पादन गरी सञ्चार माध्यमसमेतबाट प्रचार–प्रसार कार्यक्रम तय गरेको छ।

दिवसका अवसरमा जारी शुभकामना सन्देशमा शिक्षामन्त्री देवेन्द्र पौडेलले साक्षरता कार्यक्रमलाई तीनवटै सरकारसँग समन्वयात्मकरूपमा सञ्चालन गरी साक्षरता र जीवनपर्यन्त सिकाइलाई जोड्नुपर्ने उल्लेख गरेका छन्।

एकपटक साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिलाई पुनः साक्षरताको कक्षामा समावेश नगर्ने गरी सघन साक्षरता कार्यक्रम शुरू गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को विसं २०६९ मङ्सिर १४ मा साक्षर नेपाल अभियान (२०६९–२०७२) को अवधारणापत्र स्वीकृत गरी राजनीतिक दलहरूको पनि सहयोग लिनेगरी कार्यान्वयनमा ल्याएको थियो।

सो अवधारणापत्रमा वृद्धभत्ताजस्ता सरकारी सुविधा पाउनका लागि साक्षर हुनैपर्ने व्यवस्थाका लागि सुझाव दिइएको छ। 'साक्षरता र जीवनपर्यन्त शिक्षाले

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# शिक्षा र स्वास्थ्यमा व्यापार किन ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**हामीले प्रशासकीय संरचनामा समुदायको भूमिकालाई महत्त्वपूर्ण किसिमले स्थापित गर्न सकेका छैनौं । हामी आफ्नो गाउँ वा शहरको लागि आफैंले स्रोत एवं साधनको विकास गर्न सक्तैनौं र केन्द्र (सङ्घीय सरकार) को मुख ताक्छौं ।**

कुनै पनि देश केवल प्राकृतिक स्रोत, साधन एवं धन-सम्पत्ति आदिको अभावले गरीब हुँदैन । गरीब हुने अरू विभिन्न कारण हुन सक्छ । देशवासीको चेतनाको स्तर, राष्ट्रिय परम्परा, संस्कृति, सरकारले निर्माण गर्ने राजनीतिक-आर्थिक नीति-नियम आदिले पनि कुनै देशलाई धनी वा गरीब पार्न सक्छ ।

देशवासीको चेतनाको स्तर उच्च छ भने, कुनै पनि राष्ट्र, साधन र स्रोतको अभावमा पनि धनी हुन सक्छ र यो तथ्यको उदाहरणको रूपमा कतार र इजराइललाई लिन सकिन्छ। इजराइलको स्थिति कतारभन्दा पनि विषम छ । इजराइल चारैतिरबाट शत्रु (राष्ट्र) हरूबाट घेरिएको छ। फिलिस्तिनीहरू र लेबनानमा इरानले पालेका योद्धाहरूले इजराइलमाथि बेलाबेला साङ्घातिक हमला गरिरहन्छन्। इरान, इजराइलको कट्टर शत्रु हो। इरान त इजराइल भन्ने देश नै छैन भन्छ । यदि अमेरिकाको सैन्य सहयोग इजराइलाई नहुँदो हो, यदि इजराइलले अमेरिकासँग भरपर्दो मैत्री सम्बन्ध नराखेको हुँदो हो भने, इजराइल भन्ने देश विश्व मानचित्रबाट उहिले नै हराइसकेको हुन्थ्यो । अरब राष्ट्रहरूले इजराइलको अस्तित्व उहिले समाप्त पारिसकेका हुन्थे। यस्तो भयावह र कठिन स्थिति हुँदाहुँदै पनि शत्रुहरूको माझमा इजराइलले आफ्नो अस्तित्व कायम राख्न सकेको छ। प्रशस्त आर्थिक विकास गरेको छ । इजराइलको कृषि विश्वका उन्नत कृषिमध्ये मान्ने गरिन्छ । इजराइलले यो स्तरको आर्थिक प्रगति आफ्नो देशवासीको चेतनाको स्तर उच्च भएको कारणले गर्दा प्राप्त गरेको हो ।

कतारलाई पनि उदाहरणको रूपमा लिन सकिन्छ । केही दशक पहिलेसम्म कतारको आर्थिक अवस्था अति सामान्य थियो । गएको केही वर्षभित्र कतारले चमत्कारी किसिमले आर्थिक प्रगति गरेको छ। आर्थिक विकासका लगि आवश्यक भौतिक संरचना निर्माण गर्ने पूर्वाधारमा कतारले ठूलो लगानी गरेको छ। हवाई यातायातका लागि दोहा विमानस्थल संसारको नै 'हब' हुने किसिमले ठूलो खर्च गरिरहेको छ। चमत्कारी किसिमले आर्थिक प्रगति गरेको कारण कतार अहिले अरब जगत्का शक्ति राष्ट्रहरू मध्ये एक हुन पुगेको छ । करीब २८ लाख जनसङ्ख्या र ११,५८१ स्क्वायर किलोमिटर क्षेत्रफल भएको विश्वको एउटा सानो राष्ट्र कतार, अहिले महाशक्ति राष्ट्रहरूको पङ्क्तिमा गाभिने बाटोमा हुनु आश्चर्यजनक होइन त ?

हाम्रो देशमा भने हामीसँग स्रोत र साधनको प्रचुरता भए पनि हामी गरीब छौं। देशभित्र रोजगारको प्रचुर सम्भावना भएर पनि रोजगारका लागि लाखौं सङ्ख्यामा हामी विदेशिएका छौं । हाम्रो चेतनाको स्तर दयनीय छ। हामी व्यक्ति र परिवार केन्द्रित छौं। समाज र राष्ट्र केन्द्रित हुन सकेका छैनौं । सरकारले पनि अव्यावहारिक नीति-नियम निर्माण गर्छ । हाम्रा जनप्रतिनिधिहरू (सङ्घीय एवं प्रदेश) ले पनि देशको आर्थिक विकास हुने किसिमका कानून निर्माण गर्न सकेका छैनन्। उनीहरू जहिले पनि षड्यन्त्र गरेर, गठबन्धन गरेर, चुनावमा विजयी भएर, सदा शक्ति र सत्तामा रहने दाउमा रहन्छन् । हाम्रा जनप्रतिनिधिहरू यही समाजका उपज हुन् । जनप्रतिनिधिहरू यस्तो हुनु हाम्रो सामाजिक चेतनाको स्तर दयनीय हुनु हो ।

**हाम्रो चेतनाको स्तर कसरी सोचनीय स्थितिमा छ त्यसका केही उदाहरण हेरौं-**

संसारका विकसित देशहरूको आर्थिक विकासको ढाँचा हेर्ने हो भने ती राष्ट्रहरूले आर्थिक विकासका लागि अति महत्त्वपूर्ण मानिने शिक्षा र स्वास्थ्य, ती देशहरूका समुदायलाई सञ्चालन गर्न दिएका हुन्छन् ।

नेपालमा भने शिक्षा र स्वास्थ्य दुवै निजी क्षेत्रले चलाएको छ। बहुसङ्ख्यक स्कूल, कलेज वा शिक्षालय व्यापारीहरूले मुनाफाका लागि सञ्चालन गरेका छन्। सरकारी स्कूलमा केवल गरीबका सन्तान बाध्यतावश अध्ययनका लागि जान्छन्। सामुदायिक वा सरकारी विद्यालयहरूको शैक्षिक स्तर सन्तोषजनक छैन। कलेजहरू त झन् शिक्षा प्राप्त गर्ने स्थल नभएर नेताहरूका लागि विद्यार्थीहरूले राजनीति गरिदिने स्थल बनेका छन् । सरकारी कलेजहरू मुलुकका लागि आवश्यक जनशक्ति उत्पादन गर्ने भूमिका निर्वाह नगरेर, राजनीतिक नेता-कार्यकर्ता उत्पादन गर्ने कारखाना बनेका छन् । सङ्क्षिप्तमा भन्ने हो भने नेपालमा शिक्षा अहिले व्यापार भएको छ। राम्रो आम्दानी हात पार्ने भरपर्दो आयमूलक व्यवसाय भएको छ ।

यस्तै स्थिति स्वास्थ्य क्षेत्रमा पनि छ। नेपालमा बहुसङ्ख्यक अस्पताल व्यापारीबाट सञ्चालित छन् । अनेक किसिमका स्वास्थ्य सुविधाहरू निजी अस्पतालहरूले उपलब्ध गराएका छन् । अस्पताल सञ्चालन अहिले राम्रो आम्दानी दिने व्यापार हुन पुगेको छ । सरकारी अस्पतालहरूको स्तर भने दुःखलाग्दो छ। निजी अस्पताल अहिले केही व्यक्ति करोडपति हुने माध्यम बनेको छ ।

देशको सामाजिक एवं आर्थिक विकासका लागि देशवासीको स्वास्थ्य असल राख्ने स्वास्थ्य क्षेत्र र देशवासीलाई बाँच्नका लागि अनेक ज्ञान एवं सीप सिकाउने, उनीहरूलाई अनेक किसिमका अनुसन्धान गर्न सहयोग प्रदान गर्ने शिक्षा क्षेत्र व्यापार हुन पुगेपछि देशले कसरी आर्थिक विकास गर्न सक्छ ?

अहिले स्वास्थ्य र शिक्षा दुवै क्षेत्र एक किसिमले निजी क्षेत्रको नियन्त्रणमा रहेकोले नेपालमा शिक्षा र स्वास्थ्य सुविधा निकै खर्चिलो एवं महँगो हुन पुगेको छ । सामान्य आम्दानी हुने परिवारको आम्दानीको ठूलो अंश केवल शिक्षा एवं स्वास्थ्यमा खर्च हुने गरेको छ । यस्तो स्थितिले उनीहरूको बचत प्रभावित भएको छ । र यो कारणले गर्दा निम्न आय भएका व्यक्तिहरूको आम्दानीले मासिक खर्च पनि नाघ्न सकेको छैन । अर्थात् निम्न आय भएका व्यक्तिहरू बचत गर्न सक्ने स्थितिमा छैनन्। अर्कोतिर स्वास्थ्य र शिक्षालाई व्यापारिक वस्तु बनाएर, तिनलाई अति उच्च मूल्यमा बिक्री गरेर, केही व्यापारी लाखौं, करोडौं कमाउन सफल भएका छन् ।

राज्यको फितलो नियमले गर्दा नेपालमा शिक्षा र स्वास्थ्य दुवै राम्रो मुनाफा दिने व्यापार हुन पुगेका छन् । तर यी दुवै सुविधा, स्वास्थ्य र शिक्षा, देशवासीको आधारभूत आवश्यकताभित्र पर्दछ । राज्यले माध्यमिक तहसम्मको शिक्षा र सामान्य स्वास्थ्य सुविधा निश्शुल्क उपलब्ध गराउनुपर्छ । शिक्षा र स्वास्थ्यमा नागरिकको पहुँच सजिलो हुनुपर्छ ।

शिक्षा र स्वास्थ्य सुविधाको व्यवस्थापन सरकार होइन, समुदायले गर्दा राम्रो हुन्छ । हामीले शिक्षा र स्वास्थ्य दुवै समुदाय अन्तर्गत राख्नुपर्छ। यी दुवै क्षेत्र अन्तर्गत सञ्चालन हुने विभिन्न शिक्षालय एवं अस्पतालहरूको स्वामित्व समुदायले ग्रहण गर्नुपर्छ। स्थानीय स्रोत एवं साधन उपयोग गरेर सामुदायिक रूपमा शिक्षालय र अस्पतालहरू सञ्चालन गर्नुपर्छ । शिक्षालय र अस्पताल मुनाफमुखी होइन, सेवामुखी बनाउनुपर्छ। यस्तो गरेमा हामीले शिक्षा र स्वास्थ्य सुविधा महँगो होइन, सस्तो पार्न सक्छौं। गरीबहरूलाई पनि सस्तोमा स्तरीय शिक्षा र स्वास्थ्य सेवा उपलब्ध हुने वातावरण सृजना गर्न सक्छौं ।

यो लेखको उद्देश्य भने निजी शिक्षालय र अस्पतालहरू बन्द गर्नुपर्छ भन्ने होइन । निजी क्षेत्रका शिक्षालय एवं अस्पताल पनि सञ्चालनमा रहनु पर्छ तर उनीहरूको व्यापारिक प्रवृत्तिमा नियन्त्रण हुनुपर्छ। उनीहरूको कार्यलाई मुनाफामुखी होइन, सेवामुखी पार्नुपर्छ।

स्थानीय सरकार- गाउँ, नगर वा प्रदेशको स्वामित्वमा सञ्चालन हुने शिक्षालय एवं अस्पतालहरूको सेवा र सुविधाको स्तरमा यस किसिमले वृद्धि गर्नुपर्छ जसले गर्दा व्यक्ति निजी होइन, सामुदायिक शिक्षालय एवं अस्पतालहरूमा जाने स्थिति सृजना होस्। अर्थात् निजी शिक्षालय तथा अस्पतालहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नुपर्छ ।

नेपालमा शिक्षालय एवं अस्पतालहरूमा निजी क्षेत्रको भूमिका नियन्त्रणकारी रहेसम्म शिक्षा र स्वास्थ्य सुविधा सस्तो हुन सक्तैन। निजी शिक्षालय तथा अस्पतालहरूले स्तरीय सेवा प्रदान गरे पनि त्यो सेवा केवल धनीहरूले मात्र उपभोग गर्न पाउने स्थिति रहन्छ ।

हामीले प्रशासकीय संरचनामा समुदायको भूमिकालाई महत्त्वपूर्ण किसिमले स्थापित गर्न सकेका छैनौं । हामी आफ्नो गाउँ वा शहरको लागि आफैंले स्रोत एवं साधनको विकास गर्न सक्तैनौं र केन्द्र (सङ्घीय सरकार) को मुख ताक्छौं ।

शिक्षा र स्वास्थ्यलाई व्यापारिक वस्तु हुन नदिन सरकार होइन, समुदायले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ। गाउँ र नगर सक्रिय हुनुपर्छ ।

# नरेशको कृषि मोह : विदेश त्यागेर खेतीपातीमा

-महादेव अवस्थी

दोधारा चाँदनी, २३ भदौ/रासस

कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-८ का ३० वर्षीय नरेश खड्का पाँच वर्ष अघि विदेश जान काठमाडौं लागे । रूस जानका लागि



नरेश खड्का

राहदानी बनाएर काठमाडौं पुगेका उनले तीन महीना भाषासमेत सिके । विदेश जान रु १० लाख लाग्ने भएपछि उनको परिवारले खर्चको जोहो गर्न सकेनन् । त्यसपछि उनी गाउँ फर्के । हाल उनी निरन्तर कृषि कर्ममा लागेका छन् ।

सेती प्राविधिक शिक्षालय दिपायलबाट २९ महीने कृषि जेटिए पढाइ गरेका खड्काले अहिले दोधारा चाँदनीको सुन्दरनगरमा आफ्नै र भाडामा जमीन लिएर व्यावसायिक कृषिमा लागेका छन्। उनले तरकारी खेती, केरा, भटमास, कागती खेती सँगसँगै माछा र बाख्रापालनसमेत गरेका छन् । उनको सात कठ्ठा जमीनमा माछा पोखरी छ भने ४० वटा बाख्रा पालेका छन् । त्यसैगरी एक बिघा जमीन भाडामा लिएर केरा र भटमास खेती गरेका छन्। बाह्र कठ्ठा जमीनमा कागती खेतीको शुरूआत गरेका छन्। भटमास खेती र कागती खेती यसै वर्षदेखि शुरूआत गरेको उनले बताए ।

सानैदेखि कृषि कर्ममैं लाग्ने योजना बनाएका उनी केही समय विदेशको चक्करमा लागे । "कृषि जेटिए पढ्ने बेला केही साथीले कृषिमा लाग्ने योजना बनाएका थियौं"-उनलेभ भने-"बीचमा विदेश जाने तयारीमा लागें। तर पैसाको जोहो गर्न नसकेपछि फेरि गाउँ फर्केर कृषिमा लागें ।"

खड्काले सानैदेखि कृषि पेशा गर्ने इच्छा रहेको भए पनि आर्थिक अभावका कारण शुरू गर्न नसकेको बताए । "सानैदेखि माटो खेलाउने बानी, माटोसँग माया छ त्यही भएर कृषि कर्ममा लागें"-उनले भने-"सबैले यति दुःख किन गर्छस् भन्छन् तर म लागिराखेकै छु । एक दिन पक्कै सफल भइन्छ ।" दोधारा चाँदनीको सुन्दरनगरमा उनले एक बिघा जग्गा वार्षिक रु ५० हजार भाडा तिर्नेगरी कृषि कर्म गरिरहेकी छ ।

"दुई वर्ष राम्रोसँग तरकारी फलाए। बजारमा बिक्री भएन। कुहिएरै गयो।" उनले भने-"तरकारी उत्पादन गरेर खेर जान थालेपछि अन्य खेती शुरू गरेको हुँ।" कृषि पढ्ने बेला नै योजना बनाएका खडकाका साथी भास्कर पङ्गेनी कपिलवस्तुमा कृषिमैं लाग्नुभएको छ। कृषि गर्ने इच्छा हुँदाहुँदै पनि शुरूआत गर्न आर्थिक अभावले समस्या भएको उनले बताए ।

"कृषि कर्म गर्न घरबाट पनि सहयोग नहुने आफूसँग पनि पैसा भएन । घर परिवारको पनि छोरा कृषिमा लागोस् भन्ने चहना थिएन ।" उनले भने- "सहकारीबाट रु २० हजार ऋण लिएर मैले शुरूआत गरेको हुँ ।" कृषिमा राम्रो आम्दनी भए पनि विभिन्न समस्याका कारण पलायन हुनुपर्ने अवस्था आउने गरेको खड्काले बताए ।

कृषिमा लागेकालाई सरकारबाट सहयोग नहुँदा समस्या भएको उनको बुझाइ छ। "बजारीकरणको ठूलो चुनौती छ, उत्पादन गरेको तरकारी कुहिएर जान्छ ।" उनले भने-"नगरपालिकाले चिस्यान केन्द्र स्थापना गरिदिएको भए सहज हुने थियो। हाम्रो उत्पादन त एक महीना पनि जोगाउन सकिंदैन ।"

खड्का सरकारले बजारीकरणमा सहयोग गनुपर्ने बताउँछन्। कृषिबाट मनग्य आम्दानी गर्न सकिने बताउँदै उनले स्थानीय सरकारले कृषिका निम्ति केही गर्न नसकेको गुनासो गरे। "पाँच वर्षमा करीब रु १० लाख आम्दानी गरेको छु, कृषिबाट राम्रै आम्दानी हुन्छ ।" उनले भने-"स्थानीय सरकारले कृषिलाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ ।"

कृषि व्यवसाय गर्नका लागि शिक्षा आवश्यक भएको खड्काले बताए। कुनै पनि ज्ञानविना व्यवसाय सञ्चालन गरे त्यसबाट राम्रो प्रतिफल नआउने उनको भनाइ छ। "एकै व्यवसाय गरेर कृषिमैं टिक्न धेरै गाह्रो छ, त्यसैले यसपटकदेखि कागती र भटमास खेती शुरू गरेको छु"-उनले भने-"स्थानीय सरकारले हाटबजारको वा सङ्कलन केन्द्र स्थापना गरेर बजारीकरणमा सहयोग गरे तरकारीमा आत्मनिर्भर बन्न सकिन्छ।" खड्काले दुईजनालाई रोजगारसमेत दिएका छन् ।

नेपालमा भनेको बेला कामदार नपाइँदा समस्या हुने गरेको उनले बताए। "यहाँ कामदार पाइँदैन, भारतबाट ल्याउँदा धेरै खर्च लाग्छ"-उनले भने- "उत्पादनदेखि बजारसम्मका समस्या छन्, तैपनि लागिराखेकै छु ।"

कृषि बालीको बीमा सुविधा नहुँदा नोक्सानी बेहोर्नुपरेको खड्काले बताए । सरकारको कृषि नीति उत्पादनमुखी नभएको उनको आरोप छ । बीमामा किसानलाई सुविधा छैन। सरकारले दिने अनुदानमा समेत कागजी प्रक्रिया मिलाउन धेरै सयम लाग्ने गरेको खड्काको गुनासो छ ।

# कोभिड र अन्य सङ्कटका कारण मानव विकास पाँच वर्ष पछि धकेलिएको राष्ट्रसङ्घको निष्कर्ष

संयुक्त राष्ट्रसङ्घ, २३ भदौ /एएफपी

संयुक्त राष्ट्रसङ्घको बिहीवार प्रकाशित एक प्रतिवेदनले कोभिड-१९ लगायत अकल्पनीय सङ्कटले मानव प्रगतिलाई पाँच वर्ष पछाडि धकेलेको र विश्वव्यापी अनिश्चितताको लहरलाई बढावा दिएको जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) ले ३० वर्ष अघि स्थापना भएको मानव विकास सूचकाङ्क सन् २०२० र २०२१ मा लगातार दुई वर्ष घटेको उल्लेख गरेको छ ।

युएनडिपीका प्रमुख अचिम स्टेनरले एएफपीसँग अन्तर्वार्तामा भने-"यसको अर्थ हामी अकालमा मर्दैछौं, आवश्यकभन्दा कम शिक्षित छौं, हाम्रो आम्दानी घट्दै गएको छ भन्ने हो ।"

उनले भने-"केवल तीन मापदण्डबाट हामीले यो बुझ्न सक्छौं कि किन यति धेरै मानिस निराश र भविष्यबारे चिन्तित हुन थालेका छन् ।

मानव विकास सूचकाङ्क दशकौंदेखि निरन्तर उकालो लागिरहेको छ तर सन्




प्रतीकात्मक तस्वीरः सौजन्य

२०२० मा ओरालो लाग्न थालेको र सन् २०२१ मा पनि निरन्तर ओरालो लाग्दै गएको प्रतिवेदनमा उल्लेख छ ।

'अनिश्चित समय, अस्थिर जीवन' शीर्षकको उक्त प्रतिवेदनले कोभिड-१९ महामारीलाई विश्वव्यापी मन्दीको पुनरुत्थानको प्रमुख कारकका रूपमा औंल्याएको छ, तर राजनीतिक, वित्तीय र जलवायुसँग सम्बन्धित सङ्कटहरूको बढ्दो सङ्ख्याले जनसङ्ख्या पुनरुत्थान गर्न समय नदिएको पनि उल्लेख गरेको छ ।

"हामीले यस अघि पनि विपत्ति भोगेका छौं। हामीबीच पहिले पनि आर्थिक मन्दी भएको छ । तर अहिले हामीले सामना गरिरहेको कुराको सङ्गम मानव विकासको लागि ठूलो धक्का हो"-स्टेनरले भने ।

अध्ययन रिपोर्ट अनुसार यो झटका वास्तवमैं विश्वव्यापी छ र यसले विश्वका ९० प्रतिशतभन्दा बढी देशलाई प्रभावित गरेको छ ।

स्वीटजरल्यान्ड, नर्वे र आइसल्यान्ड शीर्ष स्थानमा छन् भने दक्षिण सुडान, चाड र नाइजर अन्त्यमा छन् ।

केही देश महामारीबाट मुक्त हुन थालिसकेका छन् भने ल्याटिन अमेरिका, सब-सहारा अफ्रिका, दक्षिण एशिया र क्यारेबियन क्षेत्रका धेरै राष्ट्रले युक्रेनमा युद्ध अर्थात् नयाँ सङ्कट आउनु अघि नै कुनै परिवर्तन गरेका थिएनन् ।

### गुमेको विश्वास

खाद्य र ऊर्जा सुरक्षामा रूसले युक्रेनमाथि गरेको आक्रमणको परिणाम

(बाँकी चौथो पातामा)

# मूल्यवृद्धिले अर्थतन्त्रमा पारेको प्रभाव

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**जनप्रतिनिधिमूलक र उपभोक्तावादी सङ्घ-सङ्गठन र अधिकारकर्मी तथा राजनीतिक दलले पनि मूल्यवृद्धि नियन्त्रण गरी आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि सरकारलाई आवश्यक दबाब सृजना गर्नु पनि त्यतिकै आवश्यक छ । हाम्रा सबै प्रयास यसैतर्फ केन्द्रित हुनुपर्दछ ।**

कुनै पनि देशको अर्थतन्त्र चलायमान हुनका लागि राजस्व, अनुदान, आन्तरिक ऋण, बाह्य ऋण, आयात-निर्यात, व्यापार घाटा, शोधनान्तर, विप्रेषण, मुद्रास्फीति र मूल्यवृद्धिजस्ता विषयबीच सन्तुलन र समन्वय कायम हुनुपर्छ । यी विषयबीच सन्तुलन र समन्वय नहुँदा अर्थतन्त्र जोखिममा पर्ने सम्भावना बढी हुन्छ । त्यसैले अर्थतन्त्रलाई चलायमान गराई आर्थिक समृद्धि ल्याउने दिशामा सरकार यी विषयबीच सन्तुलन र समन्वय कायम गर्न लागिपरेको हुन्छ । अर्थतन्त्रका यी विषयहरूमध्ये मूल्यवृद्धिले विशेषगरी विपन्न, निम्न मध्यम र मध्यम वर्गका नागरिकलाई सबैभन्दा बढी प्रभावित पार्दछ। सानो आम्दानी र कृषि नै मुख्य पेशा हुँदा उनीहरूको दैनिकीसँग यो विषय जोडिएको हुन्छ । त्यसैले उनीहरूको मुख्य चासो भनेको प्रत्येक आर्थिक वर्षमा सरकारले ल्याउने बजेटमा विकास र दैनिक जीवनमा उपभोग गर्नुपर्ने वस्तुहरूको मूल्यवृद्धि तथा नियन्त्रणबारे हुने गर्छ ।

उत्पादक, आयातकर्ता, थोक बिक्रेता र खुद्रा व्यापारीले अस्वाभाविकरूपमा मूल्यवृद्धि गर्दा उनीहरू सबैभन्दा बढी मारमा परिरहेका हुन्छन्। दैनिक उपभोग्य वस्तु- जस्तै दाल, चामल, तेल, घीउ, चिनी, फलफूल, तरकारी, पेट्रोलियम पदार्थलगायत वस्तुमा चर्को मूल्यवृद्धि हुने गरेको छ । कहिले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले ढुवानी महँगिएको नाममा त कहिले कच्चा पदार्थको मूल्य बढेको बहानामा व्यवसायीले पटकपटक मूल्यवृद्धि गर्ने गरेका छन् । मूल्यवृद्धि नियमन र नियन्त्रण गर्ने जिम्मेवारी सरकारको हो। तर, सरकार र नियामक निकाय चुप लागेर बस्दा व्यापारीले मनलागी मूल्यवृद्धि र कालोबजारी गरिरहेका छन् । सरकारले बजारमा मूल्य नियमन र नियन्त्रण गरी सुशासन कायम गर्नुपर्नेमा बिचौलियाको प्रभावमा परेको छ। यसरी गरीब तथा विपन्न वर्गले खपत गर्ने दैनिक उपभोग्य सामग्रीको मूल्य अनियन्त्रित रूपमा बढेर सर्वसाधारणको दैनिक जीवनयापनलाई नराम्ररी प्रभावित पारेको छ । बेलगामरूपमा बढेको मूल्यवृद्धिको मारले विपन्न तथा निम्नमध्यम वर्गीय परिवार मात्र होइन, शहरी क्षेत्रका मध्यम वर्गीय परिवारसमेत नराम्ररी पिरोलिएको छ । तर सरकारले बढ्दो मूल्यवृद्धि नियन्त्रण गर्ने र नेपाली बजारलाई उपभोक्तामैत्री बनाउन कुनै चासो देखाउन सकेन। यसरी सरकारले अत्यावश्यकीय उपभोग्य वस्तुको मूल्य अनुगमन र नियन्त्रणको पहल नगरिदिंदा आम नागरिक महँगीको मार खेप्न विवश छ।

हुनत मूल्य आफैंमा सधैं स्थिर हुने चीज होइन । उत्पादन र मूल्यबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ भने उत्पादन नहुँदा मूल्य बढेमा त्यसलाई स्वाभाविक रूपमैं लिनुपर्छ तर उत्पादनको अवस्था हेर्ने हो भने यसरी रातारात मूल्यवृद्धि हुनुपर्ने कुनै कारण देखिएको छैन । सामान्यतया मूल्य बढ्नुमा आर्थिक कारण जिम्मेवार हुन्छ । जस्तै उत्पादन घट्नु, बजारको माग अनुरूप आपूर्ति हुन नसक्नु, कालोबजारी र व्यवसायीको बढी नाफा लिने प्रवृत्ति नै मूल कारण हो । यसका साथै मुलुकभित्र झाँगिएको सिन्डिकेट पनि मूल्यवृद्धिको अर्को कारण हो । सिन्डिकेट र कार्टेलिङप्रति सरकार उदासीन बस्दा मुलुकमा महँगी अनियन्त्रित रूपमा बढेको दाबी उपभोक्ता अधिकारकर्मीको छ । भारतमा हुने मूल्यवृद्धिले पनि नेपाली बजारलाई प्रभावित पार्ने गर्छ । किनभने नेपाली बजार भारतीय बजारमाथि विशेष निर्भर छ। यसरी मूल्यवृद्धि हुनुका पछाडि यस्ता थुप्रै कारण जिम्मेवार छन् तर सरकारले यसको नियन्त्रण गर्न र बजारमा झाँगिदै गएको अनुशासनहीनता, मिसावट र अराजकता नियन्त्रण गर्दै मूल्यवृद्धि नियन्त्रण गर्न जसरी हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्दथ्यो, त्यो गर्न सकिरहेको छैन । अनियन्त्रितरूपबाट बढेको महँगीको मारमा एउटा ग्रामीणस्तरको सामान्य परिवारदेखि मुलुकको अर्थतन्त्रसमेत प्रभावित भइरहेको हुन्छ । एकातिर यसले विपन्न, निम्न मध्यम र मध्यम वर्गको दैनिक जीवन कष्टकर बनाइराखेको हुन्छ भने अर्कोतिर यसले मुलुकको समग्र अर्थतन्त्र नै नराम्ररी प्रभावित गरिराखेको हुन्छ । यसको दीर्घकालीन असर बढ्दै गयो भने समाजमा विभिन्नखाले विभेद बढाउँछ। फलस्वरूप मुलुकमा विभिन्नखाले द्वन्द्व र सामाजिक समस्या सृजना हुन्छ । त्यसकारण पनि कालोबजारी र अस्वाभाविकरूपमा नाफा खाने प्रवृत्ति हतोत्साही गर्दै राज्यले आम उपभोक्तालाई उपभोग्य वस्तुमाथि सहज र सरल पहुँच उपलब्ध गराउन सक्नुपर्दछ। तर सरकार यसप्रति संवेदनशील देखिएको छैन ।

चालू आर्थिक वर्षको बजेट वक्तव्यमा आर्थिक वृद्धि ८ प्रतिशतका दरले गर्ने र मूल्यवृद्धि ७ प्रतिशतको सीमाभित्र राख्ने भनिएको छ। अहिलेको जटिल आर्थिक अवस्थामा यी दुवै लक्ष्य प्राप्त गर्न निकै कठिन देखिन्छ । किनभने अर्थतन्त्रका अधिकांश सूचक अहिले नकारात्मक देखिएका छन्। आठ प्रतिशतभन्दा बढी मूल्यवृद्धि भएको अवस्थामा ७ प्रतिशतभित्र नियन्त्रण गर्ने कुरा त्यति सम्भव देखिंदैन । अर्थतन्त्र प्रभावकारी बनाउन पूँजीगत खर्च बढाउन सक्नुपर्छ र चालू खर्च निश्चित सीमाभित्र राख्नुपर्छ। चालू खर्च नियन्त्रण गर्न नसक्दा अनुत्पादक खर्च वृद्धि हुन जान्छ। फलस्वरूप आर्थिक वृद्धि न्यून हुन्छ । चालू खर्चमा वृद्धि हुँदा एकातिर मूल्यवृद्धि हुन्छ भने अर्कोतर्फ उत्पादनशील क्षेत्रमा नकारात्मक असर पर्न जान्छ । मूल्यवृद्धिका कारण नै हाम्रो अर्थतन्त्र परनिर्भर, थप कमजोर र जोखिमयुक्त बन्दै गएको छ । जबसम्म आन्तरिक उत्पादन वृद्धि हुँदैन र आयात प्रतिस्थापन हुँदैन, तबसम्म व्यापारघाटा बढ्दै जाने निश्चित छ । रेमिट्यान्स मुलुकको अर्थतन्त्रको मेरुदण्ड नभए पनि अहिले भरपर्दो आधार बनेको छ । यही रेमिट्यान्सले गर्दा उपभोक्ता संस्कृतिमा वृद्धि भई आयातमाथि थप दबाब परेको छ। फलस्वरूप बर्सेनि उपभोग्य वस्तुदेखि विलासिताका वस्तुको आयातमा वृद्धि भइरहेको छ। तर आन्तरिक उत्पादन वृद्धि हुन नसकेको, राष्ट्रिय व्यापार एकीकृत रणनीतिले निकासीयोग्य वस्तुको सूचीमा राखेका वस्तुको पनि निर्यात प्रवर्द्धन हुन नसक्दा आयात र निर्यातबीचको अन्तर उल्लेख्यरूपमा वृद्धि भएको छ। फलस्वरूप व्यापारघाटा चुलिएर अर्थतन्त्र निकै जोखिममा परेको छ।

आर्थिक वर्ष २०७८-०७९ मा मुलुकको व्यापार घाटा रु १७ खर्ब २० अर्ब ४१ करोड पुगेको छ। यो अघिल्लो आर्थिक वर्षको तुलनामा २३ प्रतिशत वृद्धि भएको भन्सार विभागको तथ्याङ्क छ। आव. २०७७-७८ मा यस्तो घाटा रु १३ खर्ब ९८ अर्ब ७१ करोड थियो । हुनत अन्तर्राष्ट्रिय बजारमा भइरहेको मूल्यवृद्धिले पनि व्यापार घाटा बढाउन सघाएको बताइएको छ । आयातसँगै निर्यात व्यापार पनि बढेको तथ्याङ्क भन्सार विभागको छ। आयात व्यापार बढेर १९ खर्ब २० अर्ब ४४ करोड र निर्यात व्यापार २ खर्ब ३ करोड रुपियाँ पुगेको छ । आयात व्यापार २४.७२ प्रतिशतले वृद्धि हुँदा निर्यात ४१.७४ प्रतिशतले बढेको छ । तर विडम्बना, स्वदेशमैं उत्पादित वस्तुले निर्यात बढाइदिएको भने पक्कै होइन। झट्ट हेर्दा निर्यात राम्रो देखिन्छ। तर व्यवसायीले तेस्रो मुलुकबाट आयात गरिएको भटमास, कच्चा पाम तेल, सूर्यमुखी तेल आयात गरी प्रशोधन गरेर निर्यात गरेको देखिन्छ। सरकारी निर्यात दिगो बनाउन स्वदेशमैं गुणस्तरीय वस्तुको उत्पादनमा जोड दिनुपर्ने अहिलेको आवश्यकता छ। वैदेशिक व्यापारको एउटा सामान्य नियम के हो भने विदेशी वस्तु आयातका लागि पनि निर्यात व्यापार बढ्नुपर्छ । निर्यात व्यापारबाट आर्जित विदेशी मुद्रासँग सन्तुलन हुनेगरी मात्रै आयात व्यापारमा खर्च गर्नु उपयुक्त हुन्छ। आयात मूल्यको दाँजोमा निर्यात मूल्य ज्यादै न्यून भएमा त्यस मुलुकको अर्थतन्त्र गम्भीर समस्यामा जाकिन्छ। त्यसमाथि पनि आयातमा ठूलो अंश उपभोग्य वस्तुको रहेको छ भने त्यस मुलुकको अर्थतन्त्र चरम सङ्कटमा रहेको बुझिन्छ। यसरी निर्यात व्यापारमा कमजोर र आयात व्यापारमा पूरै परनिर्भर अर्थतन्त्र भएको मुलुक विकासमा अगाडि लम्कन सक्दैन ।

उत्पादनमा भाग लिने ऊर्जावान् युवा जनशक्तिलाई वैदेशिक रोजगारमा पठाएर त्यसबाट आर्जित विप्रेषणको आडमा आयातमा आधारित पराधीन अर्थतन्त्र निर्माण गर्नुको परिणाति आज नेपाली नागरिकले भोग्नुपरिरहेको छ। मुलुकमा उत्पादन छैन, खाद्यान्न उत्पादन हुने जग्गा बाँझो छ, मुलुकभित्र सानातिना निर्माण कार्य र कलकारखानामा पनि विदेशी श्रमिकको बाहुल्य छ।

हुनत कृषि क्षेत्रकै विकास गरेर खाद्यान्नमा आत्मनिर्भर र निर्यात बढाउन सकेको भए पनि मुलुक परनिर्भर हुने थिएन होला। कतिपय मुलुकले वैदेशिक व्यापारबाट आर्थिक उन्नति पनि गरेका छन् । नेपालसँग भने निर्यात गर्ने वस्तु छैन र नयाँ उत्पादन गर्नतिर पनि खासै चासो देखिएन । उद्योगधन्धा स्थापना, उत्पादन र निर्यात गर्नुभन्दा पनि निजी क्षेत्रको रुचि तत्काल मुनाफा आर्जित हुने आयातमा देखिएको छ । शिक्षा, स्वास्थ्य, घरजग्गा क्षेत्रमा लगानी गर्नुमा निजी क्षेत्र स्वाभाविकरूपले अगाडि बढेको पाइन्छ । पूर्वाधार विकास र अनुकूल सरकारी नीतिमार्फत उद्योगधन्धा र कृषि विकासतर्फ व्यवसायीलाई लाग्न उत्प्रेरित गर्ने काममा राज्यले खासै ध्यान दिएको देखिएन। व्यापार र वाणिज्य क्षेत्रमा लागेका व्यवसायी र राजनीतिक नेताहरूको साँठगाँठमा नेपाली अर्थतन्त्र पूरै परनिर्भर बन्न पुगेको अवस्था छ। शिक्षा, स्वास्थ्यजस्तो सामाजिक क्षेत्रलाई बजारको जिम्मा लगाइयो र सर्वाधिक मुनाफामूलक लगानीको क्षेत्रमा परिणत गर्ने छुट दिइयो । यसरी गुणस्तरहीन शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्नु भनेको राज्यले निम्न आय भएका जनतामाथि गरेको विभेद मात्रै नभई भावी पुस्तामाथि गरेको अक्षम्य अपराध पनि हो। यसलाई तत्काल सच्याउनुपर्दछ। यस्तो अवस्थामा निम्न आय वर्गका नागरिकलाई दिने राहत भनेको उनीहरूलाई दिने काम हो। सङ्घीय, प्रदेश र स्थानीय सरकारमार्फत व्यापकरूपमा पूर्वाधार विकास र निर्माण कार्यक्रम अघि सारेर निम्न आय भएका नागरिकका लागि रोजगार सिर्जना गर्न सकिन्छ। यसबाहेक राज्यले बाँझो कृषि भूमि उपयोग गर्न साना किसानलाई प्रोत्साहित गर्न सकिन्छ । तीनै तहका सरकारले सामूहिक, सहकारी, समूह र वैज्ञानिक खेती, पशुपालन, जडीबुटी, फलफूल र कृषिमा आधारित साना उद्योगजस्ता विषयतिर जोड दिएर स्थानीय अर्थतन्त्रमा रक्त सञ्चार गर्न सक्छन् । यसका लागि सरकारी संवेदनशीलता अति आवश्यक छ । यसैगरी जनप्रतिनिधिमूलक सङ्घ-संस्था, उपभोक्तावादी सङ्घ-सङ्गठन र अधिकारकर्मी तथा राजनीतिक दलले पनि मूल्यवृद्धि नियन्त्रण गरी आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि सरकारलाई आवश्यक दबाब सृजना गर्नु पनि त्यतिकै आवश्यक छ। हाम्रा सबै प्रयास यसैतर्फ केन्द्रित हुनुपर्दछ।

# थप २२७ मा कोरोना सङ्क्रमण पुष्टि, एकको मृत्यु

काठमाडौं, २३ भदौ/रासस

देशभर पछिल्लो २४ घण्टामा थप २२७ जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ भने एकजनाको सङ्क्रमणका कारण मृत्यु भएको छ।

पछिल्लो २४ घण्टामा ४,४०१ जनाको नमूना परीक्षण गरिएको थियो। १,५१८ जनाले पिसिआर र २,८८३ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा १,४३,५९५ जनाले कोभिडविरुद्ध खोप लगाएका छन्। यही अवधिमा १६८ जना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या ९,८३,९४९ पुगेको छ । सङ्क्रमणमुक्त हुने दर ९८.६ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

हाल सक्रिय सङ्क्रमितको सङ्ख्या २,४७३ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या १२,०१० पुगेको छ। होम आइसोलेशनमा २,३७० संस्थागत आइसोलेशन १०३, सघन उपचार कक्षमा २२ र भेन्टिलेटरमा तीन जना सङ्क्रमित रहेका छन्।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौं र दुई सयभन्दा बढी सङ्क्रमित रहेको जिल्लामा ललितपुर छ । शून्य सङ्क्रमित जिल्लामा मनाङ, मुस्ताङ, हुम्ला, डोल्पा, मुगु, जुम्ला र बझाङ रहेका छन्।

उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा १,०७२ ललितपुरमा ४३५ र भक्तपुरमा ३६ सक्रिय सङ्क्रमित रहेका छन्।

कुलमा सङ्क्रमण दर १६.९ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

## कोभिड र अन्य सङ्कट

यस वर्षको सूचकाङ्कमा गणना नगरिएको भए तापनि सन् २०२२ को परिदृश्य भयावह रहेको स्टेनरले बताए।

मानव विकास सूचकाङ्कको पछिल्लो गिरावटमा ठूलो योगदान गरेको विषय विश्वव्यापीरूपमा औसत आयुमा आएको गिरावट हो, जुन सन् २०१९ मा ७३ वर्षबाट घटेर सन् २०२१ मा ७१.४ वर्षमा झरेको छ।

प्रतिवेदनका प्रमुख लेखक पेड्रो कोन्सेकाओले संयुक्त राज्य अमेरिकालगायत केही देशमा दुई वर्ष वा सोभन्दा बढीको गिरावट आएको उल्लेख गर्दै यो कमीलाई 'अभूतपूर्व झटका' को रूपमा वर्णन गरे।

जलवायु परिवर्तन, भूमण्डलीकरण र राजनीतिक ध्रुवीकरणजस्ता परिवर्तनकारी शक्तिहरूले कसरी मानवजातिलाई 'मानव इतिहासमा कहिल्यै नदेखेको' अनिश्चितताको जटिल स्तरको साथ प्रस्तुत गर्दछ, जसले गर्दा असुरक्षाको भावना बढ्दै जान्छ भन्ने कुरा पनि प्रतिवेदनमा वर्णन गरिएको छ।

स्टेनर भन्छन्-"मानिसहरूले एक अर्कामाथि विश्वास गुमाइसकेका छन्।"

"संस्थाहरूमा ध्यान नदिनुहोस्, हाम्रो छिमेकी अब कहिलेकाहीं सबैभन्दा ठूलो खतरा बन्छ, चाहे त्यो समुदायमा शाब्दिक रूपमा बोल्दा होस्, वा राष्ट्रहरूद्वारा विश्वव्यापीरूपमा, जसले हामीलाई अविश्वासी बनाइरहेको छ।"

"हामी गत शताब्दीको उपायलाई निरन्तरता दिन सक्दैनौ"-स्टेनरले तर्क गरे। रामबाणको रूपमा वृद्धिमा निर्भर हुनुको सट्टा आर्थिक रूपान्तरणमा ध्यान केन्द्रित गर्न उनले प्राथमिकता दिए।

"स्पष्टरूपमा भन्नुपर्दा हामीलाई अहिले आवश्यक रूपान्तरणले कम कार्बन, कम असमानता, अधिक स्थिरताजस्ता भविष्य निर्धारण गर्ने समस्या खोजी गर्न र यसको ठोस समाधान खोज्न आवश्यक छ।

प्रतिवेदनले नवीकरणीय ऊर्जामा लगानी र भविष्यको महामारीको तयारी, सङ्कट अवशोषित गर्न बीमा र भविष्यको सङ्कटको सामना गर्ने क्षमता बलियो बनाउन नवीनताजस्ता तीनवटा मुख्य क्षेत्रमा ध्यान केन्द्रित गरेर सुधार गर्न सकिने बताएको छ।

स्टेनरले अति जोखिममा रहेका देशहरूलाई विकास सहायताको पछिल्लो घट्दो प्रवृत्ति उल्ट्याउन पनि आग्रह गरे । स्टेनरले भने-"त्यो बाटोलाई निरन्तरता दिनु गम्भीर त्रुटि हुनेछ र यसले राष्ट्रहरूबीच मिलेर काम गर्ने हाम्रो क्षमतामा पार्ने प्रभावको कम आकलन गर्छ।" रासस

# नेप्से परिसूचकमा झिनो अङ्कको गिरावट




काठमाडौं, २३ भदौ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज झिनो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २.१३ अङ्कले ओरालो लागेर १,९३७.७४ मा पुगेको छ। यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ०.५४ अङ्कले ओरालो लागेर ३७६.८४ मा सीमित भएको छ। कुल २२७ कम्पनीको ३४,०१,६९२ कित्ता शेयर रु एक अर्ब चार करोड ४३ लाख ७९ हजार छ सय मूल्यमा खरीद बिक्री भयो। कारोबार भएका १३ उपसमूहमध्ये आज सात उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ भने छ उपसमूहको शेयर मूल्य उकालो लागेको छ।

नेप्सेका अनुसार बैंकिङ ४.०६, व्यापार १७.५९, उत्पादन १३, अन्य १८.८५, लघुवित्त १.५५, जीवन बीमा २४.८२, नागरिक लगानी कोष ०.१३ अङ्कले ओरालो लागेको छ। यस्तै होटल तथा पर्यटन १०.९७, विकास बैंक ३७.१३, जलविद्युत् १३.७८, वित्त २२.२ र निर्जीवन बीमा १.७१ र लगानी ०.०२ अङ्कले उकालो लागेको छ। नेप्सेका अनुसार बिहीवारको कारोबारपछि बजार पूँजीकरण रू २७ खर्ब ७९ अर्ब ४८ करोड ५७ लाख ६५ हजार पाँच सय एक बराबर रहेको छ। नेप्सेका अनुसार हिमालयन एभरेष्ट इन्स्योरेन्स शीर्ष स्थानमा छ। सो कम्पनीको रु १३ करोड १० लाख ४५ हजार तीन सय ६५ बराबरको कारोबार भयो। रिडी पावर कम्पनी रु चार करोड ४४ लाख ८१ हजार चार सय १९, नबिल बैंक रु तीन करोड ३५ लाख पाँच हजार छ सय ७८, प्राइम बैंक रू दुई करोड ९३ लाख १० हजार सात सय ५४ र एशियन लाइफ इन्स्योरेन्स रु दुई करोड ७८ लाख ८४ हजार नौ सय ९४ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भए।

नेप्सेका अनुसार ग्लोबल आइएमई लघुवित्त ४.४९, मल्टीप्रपोज फाइनान्स कम्पनी ४.०९, ग्लोबल आइएमई बैंकको ऋणपत्र ३.९७, छ्याङदी हाइड्रोपावर ३.९० र बिन्दवासिनी हाइड्रोपावरका लगानीकर्ताले ३.७० प्रतिशतले कमाएका छन्। यस्तै,सामुदायिक लघुवित्त ६.४९, अप्पर हेवाखोला ५.५६, प्राइम बैंकको ऋणपत्र ४.६०, एनएमबी हाइब्रिड फन्ड १३.६१ र ग्रीन डेभलपमेन्ट बैंकका लगानीकर्ताले २.७५ प्रतिशतले गुमाएका छन्।

## चिकित्सकहरुको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## श्रीलङ्का : सैंतीस राज्य मन्त्रीद्वारा शपथ ग्रहण



तस्वीरः सिन्ह्वा

कोलम्बो, २३ भदौ/सिन्ह्वा

श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिंगेले बिहीवार ३७ राज्य मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराए।

राष्ट्रपतिको कार्यालयका अनुसार राज्यमन्त्रीहरूलाई राजधानी कोलम्बोस्थित राष्ट्रपतिको सचिवालयमा पद तथा गोपनीयताको शपथ खुवाइएको हो। शपथ खानेहरूमा सेहान सेमासिंगे अर्थ, प्रमिथा बन्दरा तेनाकून रक्षा, थाराका बालासुरिया विदेशमामिला राज्यमन्त्री नियुक्त भएका छन्।

उनीहरूले छिट्टै आफ्नो जिम्मेवारी सम्हाल्ने बताइएको छ। रासस

## भवन भत्किंदा दशको मृत्यु

दमास्कस, भदौ २३/सिन्ह्वा

सिरियाको उत्तरी शहर एलेप्पोमा बुधवार एउटा पाँच तले आवासीय भवन भत्किंदा कम्तीमा दशजनाको मृत्यु भएको राज्यद्वारा सञ्चालित समाचार समिति सानाले जनाएको छ।

अल–फरदोशको छिमेकमा रहेको उक्त भवनको भग्नावशेषमा छ महिला, तीन बालबालिका र एकजना पुरुषको शव फेला परेको जनाएको छ।

एक महिला र बालकको उद्धार गरी उपचारका लागि अस्पताल लगिएको बताइएको छ।

घटनापछि अधिकारीहरूले नजीकका भवनहरू खाली गर्न लगाएको बताइएको छ।

भत्किएको भवन गैरकानूनी तरीकाबाट बनाइएको अलेप्पोका अधिकारीहरूलाई उद्धृत गर्दै सानाले जानकारी दिएको छ। सिरियामा वर्षौंदेखि जारी युद्धका कारण एलेप्पो शहर ध्वस्त भएको छ।

यस शहरमा शरणार्थी स्थलबाट फर्केका केही बासिन्दा क्षतिग्रस्त वा आंशिकरूपमा मरम्मत गरिएको भवनहरूमा बस्छन्। रासस



उद्धार कार्यमा जुटेका प्रहरी र स्थानीय। तस्वीरः सिन्ह्वा

## सोमालियाका बालबालिकामा कुपोषणको समस्या थप बढ्दै

मोगादिसु, २३ भदौ/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घीय बालकोषले सोमालियाका बालबालिकामा कुपोषणको समस्या थप बढ्ने चेतावनी दिएको छ। कोषले यहाँ केही समय यतादेखि अनिकाल परिरहेकोले यसका कारण यहाँका बालबालिकामा कुपोषणको समस्या देखिएको र यो अवस्था अझै बढ्न सक्ने बताएको हो।



तस्वीरः सिन्ह्वा

सोमालियाका लागि संयुक्त राष्ट्रसङ्घीय बालकोषका प्रतिनिधि वाफा अब्देलतेफले सो कुरा बताएका हुन्। उनले भनेका छन्–"यहाँका बालबालिकामा अहिले पनि कुपोषणको यही अनिकालका कारण यहाँका बालबालिकामा कुपोषणको समस्या थप बढ्न सक्ने देखिएको छ।"

यहाँ कम्तिमा पनि १५ लाख बालबालिकामा कुपोषणको समस्या पुगेको छ। यो सङ्ख्या यहाँको पाँच वर्ष मुनिका बालबालिकाको सङ्ख्याको करीब आधा जति हो। यसरी पाँच वर्षमुनिका बालबालिकाको सङ्ख्याको आधा जतिलाई कुपोषणको समस्या देखिनुलाई बाल स्वास्थ्यका क्षेत्रको निकै ठूलो चुनौतीका रूपमा हेर्नुपर्ने अवस्था रहेको समस्या देखिएको छ। यसैबीच केही समय यता देखि खाद्यान्नको अभाव रहेको र पनि उनले बताएका छन्।

यहाँ कुपोषण देखा परेका बालबालिकाको सङ्ख्यामध्ये करीब चार लाख बालबालिकालाई त अस्पताल भर्ना गरेर राम्ररी उपचार नै गर्नुपर्ने अवस्था रहेको पनि बताइएको छ।

यो वर्तमान अवस्था अझै बढ्दै जाने हो भने सोमालियामा बालस्वास्थ्यका क्षेत्रमा निकै ठूलो चुनौती देखा पर्न सक्ने अवस्था रहेको पनि संयुक्त राष्ट्रसङ्घीय बालकोषले जनाएको छ।

गएको जनवरीदेखि यतासम्मको तथ्याङ्कमा यहाँका ७३० जना कुपोषित बालबालिका खाद्य केन्द्र तथा अस्पतालमा उपचारका क्रममा नै मृत्यु भइसकेको पनि संयुक्त राष्ट्रसङ्घीय बालकोषले जनाएको छ। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | धनलाभ | वृष | सफलता |
| मिथुन | प्रगति | कर्कट | वादविवाद |
| सिंह | यात्रालाभ | कन्या | कडापरिश्रम |
| तुला | ज्ञानोदय | वृश्चिक | उदरपीडा |
| धनु | विजय | मकर | धनलाभ |
| कुम्भ | भाग्योदय | मीन | बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### वीरगंज महानगरपालिकाको सूचना

हरेक बार खाना चार,
यही नै हो पोषणको आधार।

वीरगंज महानगरपालिका कार्यालय


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## धर्मशाला तथा विवाह भवनको उद्घाटन

प्रस, वीरगंज, २३ भदौ/

वीरगंज महानगरपालिका–४ भगवती टोलमा नवनिर्मित बिर्ता धर्मशाला तथा विवाह भवनको बिहीवार मुख्यमन्त्री लालबाबूराउत गद्दी र प्रदेशसभा सदस्य भीमा यादवले संयुक्त उद्घाटन गरेका छन्।

बिर्ता मन्दिरको नाममा रहेको जग्गामा प्रदेशसभा सदस्य यादवले आफ्नो संसदीय कोषबाट धर्मशाला एवं विवाह भवन निर्माण गराएकी हुन्। भगवति टोलमा अधिकांश गरीब–दलितको बसोवास रहेको र उनीहरूलाई अहिलेको महँगीमा विवाहलगायत कार्यक्रम गर्दा स्थान र रकमको समस्या हुने गरेकोले सो धर्मशाला, विवाह भवन निर्माण गरिएको सभासद् यादवले बताइन्।

मुख्यमन्त्री गद्दीले गरीब एवं विपन्न परिवारले विवाहलगायत कार्यक्रम गर्दा हुने खर्च जोगिने विश्वास व्यक्त गरे। उनले गरीब एवं विपन्न परिवार यस भवनबाट लाभान्वित हुने बताए। कार्यक्रममा मधेस विश्वविद्यालयका उपकुलपति प्राध्यापक प्राडा दीपक शाक्य, नेकाका नेता प्रकाश उपाध्याय, जिल्ला समन्वय समिति पर्साका पूर्व सभापति नेकमहमद अन्सारीलगायतको सहभागिता थियो।

## गरीब विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण

प्रस, वीरगंज, २३ भदौ/

सामुदायिक सेवा केन्द्र, छपकैया–२ को आयोजनामा बिहीवार सोही वडामा रहेको ताराचन्द किशनलाल आधारभूत विद्यालयका विपन्न, गरीब विद्यार्थीहरूलाई शैक्षिक सामाग्री वितरण गरिएको छ।



सामुदायिक सेवा केन्द्र, छपकैयाका अध्यक्ष ग्यासुदिन मियाँ ठकुराईले ताराचन्द किशनलाल आधारभूत विद्यालयमा अध्ययनरत विपन्न विद्यार्थीहरूलाई कापी, पेन्सिल, इरेजर र कटर वितरण गरेको बताए।

कार्यक्रममा वडा सदस्य वशीर मियाँ हजामले सामुदायिकको कामको प्रशंसा गरे। उनले समाज विकासका लागि सबै सङ्घ–संस्थासँग हातेमालो गरेर अगाडि बढ्ने बताए। कार्यक्रममा प्रहरी नायब उपरीक्षक दीपक गिरी, नेपाल आराधना समाजका अवधेशप्रसाद साह, विद्यालयका प्रधानाध्यापक सुरेशराउत गद्दी, पूर्व प्रधानाध्यापक राजन जोशी, दाता दीपक अग्रवाल, सामुदायिक सेवा केन्द्रका संरक्षक श्याम शर्मा, प्रहरी हवल्दार देवेन्द्र पटेललगायतको सहभागिता थियो।

कार्यक्रममा केन्द्रकी कोषाध्यक्ष प्रेमकुमारी सिंहले स्वागत र अब्दुलकैश मियाँ तेलीले सहजीकरण गरेका थिए।

## पुण्यतिथिमा वृक्षरोपण, सामग्री वितरण

प्रस, सेढवा २३ भदौ/

जगरनाथपुर गाउँपालिका–३ गढैया निवासी स्वर्गीय शारदादेवीको तेऱ्हौं दिनको पुण्यतिथिमा विद्यालयमा शैक्षिक सामग्री प्रदान गरिएको छ।

स्व. शारदाका छोरा वीरगंज महानगरपालिका इन्जिनीयर नगिनाकुमार यादवले बाबा वैद्यनाथ आधारभूत विद्यालयमा पाँचवटा ह्वाइट बोर्ड सहयोग गरेका छन्। यसैगरी आमाको स्मृतिमा सो विद्यालय परिसरमा वृक्षारोपण पनि गरे।

वृक्षारोपण कार्यक्रममा प्रदेश सभासदस्य शङ्कर चौधरी, जगरनाथपुर गापा अध्यक्ष श्रीकान्त यादव, जीराभवानी गापा अध्यक्ष अनोज चौधरी, जगरनाथपुर गापाका प्रमुख प्रशासकीय अधिकृत कृष्णनन्दन राय, नेकाका सहरूम राउत गद्दीलगायतको सहभागिता थियो।



### अन्तर्राष्ट्रिय साक्षरता.....

१५ वर्ष उमेरमाथिका सबै युवा र प्रौढको जीवनपर्यन्त सिकाइका लागि आधार प्रदान गराउने' भन्ने लक्ष्यसहित सो कार्यक्रम शुरू गरिएको थियो।

सोको कार्यान्वनका क्रममा सरकारले आर्थिक वर्ष २०७१–७२ लाई 'निरक्षरता उन्मूलन वर्ष' भनी घोषणा गरे पनि उक्त घोषणा हालसम्म पूरा हुन सकेको छैन।

विसं २०७१ असार २ गते सिन्धुपाल्चोक जिल्ला पहिलो र असार ८ गते ललितपुर पूर्ण साक्षर जिल्ला घोषणा भएपछि साक्षर जिल्ला घोषणाको क्रम थालनी भएको हो।

विसं २०६८ को जनगणना अनुसार पाँच वर्षभन्दा माथिको साक्षरता प्रतिशत ६५.९४ रहेको छ, जसमा पुरुषको साक्षरता प्रतिशत ७५.१४ र महिलाको साक्षरता प्रतिशत ५७.३९ प्रतिशत छ। सबै निरक्षर व्यक्तिमा साक्षरताका न्यूनतम मापदण्ड पूरा गर्न सक्ने सीप विकास गर्न सामाजिक महोत्सव वा अभियानका रूपमा राज्यका सबै संयन्त्र परिचालन गरी सन् २०१५ सम्म नेपालबाट निरक्षर उन्मूलन गर्न सरकारले साक्षर नेपाल अभियान घोषणा गरेको थियो।

### माउन्ट एडमन्ड मावि....

बताए। यसैगरी विद्यालयका प्रअ दास र सप्रअ फजिल आलम निर्णायक रहेको वक्तृत्वकला प्रतियोगितामा कञ्चनजङ्घा सदनकी विपेक्षा सुवेदी प्रथम, सोही सदनकी प्रिंसी सर्राफ द्वितीय भएका छन् भने अनीता चौरसिया र खुशबु प्रवीण निर्णायक रहेको कवितावाचन प्रतियोगितामा अन्नपूर्णाकी रीजा श्रेष्ठ प्रथम, माछापुच्छ्रेका सन्दीप साह द्वितीय भएका थिए।

उक्त कार्यक्रमको सहजीकरण अतिरिक्त क्रियाकलाप विभागका प्रमुख बलराम नेपालीले गरेका थिए।


### हाम्रो सहारा बचत तथा ऋण सहकारी संस्था लि., लिङ्करोड, वीरगंजको

### ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउनेबारे ३५ दिने अत्यन्त जरूरी सूचना

*प्रथमपटक प्रकाशित मितिः २०७९/०५/२३ गते*

तपसिलमा उल्लिखित ऋणीहरूले यस सहकारी संस्थाबाट धितो ऋण, भाका नाघेको, चुक्ता हुन बाँकी रहेको तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम तिर्न पटक–पटक मौखिक एवं लिखित ताकेता गर्दा पनि बुझाउनेतर्फ कुनै पहल नगरेकोमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी बुझाउनुहुन अनुरोध गर्दछ। अन्यथा ऋणी र सहकारीबीच भएको शर्त, सम्झौता, नियम तथा सहकारी ऐन २०४८ अनुसार चल–अचल सम्पत्ति जेजस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी रकम असुल उपर गर्नेतर्फ कानूनी कारबाई गरिने बेहोरा सूचित गरिन्छ।

| ऋणी तथा व्यक्तिगत जमानकर्ताको विवरण | | ऋणी तथा व्यक्तिगत जमानकर्ताको विवरण | |
|---|---|---|---|
| ऋणीः रेहाना खातुन<br>ठेगानाः प्रस्टोका–१ टोल हरपुर (बारा) हाल पशुरामपुर (पर्सा)<br>श्रीमान्ः शेराज अहमद<br>बुबाः अमरुद्दीन अन्सारी |  | ऋणीः अफताब आलम ठकुराई<br>ठेगानाः जीतपुरसिमरा–७, (बारा)<br>बुवाः जाहीर मियाँ ठकुराई<br>बाजेः मोहमोद्दिन मियाँ |  |
| ऋणीः सुमित्रा देवी तुरहा<br>ठेगानाः अलौं, वडा नं.–१ (पर्सा)<br>श्रीमान्ः फुलेनासाह तुरहा<br>बाजेः विधातासाह तुरहा |  | ऋणीः विनोदप्रसाद यादव<br>ठेगानाः प्रसौनी, वडानं.–८ (पर्सा)<br>बुवाः हरीराउत अहीर<br>बाजेः भोलाराउत अहीर |  |
| ऋणीः मतलुन ठकुराई<br>ठेगानाः छपकैया, वडा नं.–२ (पर्सा)<br>बुवाः समसुल हक मियाँ ठकुराई<br>बाजेः मजाहीर मियाँ ठकुराई |  | ऋणीः मनोजकुमार गुप्ता<br>ठेगानाः रामपुर टोकनी–६, (बारा)<br>बुवाः शिवप्रसाद साह<br>बाजेः रघुसाह कानु |  |

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# माउन्ट एडमन्ड माविद्वारा अन्तर्राष्ट्रिय साक्षरता दिवसमा कार्यक्रम सम्पन्न

प्रस, वीरगंज, २३ भदौ/

माउन्ट एडमन्ड माध्यमिक विद्यालय, श्रीपुर, वीरगंजद्वारा ५६ औं अन्तर्राष्ट्रिय साक्षरता दिवस र ४३ औं राष्ट्रिय शिक्षा दिवसकाको अवसरमा विद्यालय प्राङ्गणमा आज अन्तरसदन वक्तृत्वकला, कविता वाचन र हस्तलेखन प्रतियोगिता आयोजना गरियो ।



तस्वीरः प्रतीक

सो अवसरमा कक्षा १ देखि ३ सम्मका ८२ जनाले हस्तलेखन, २५ जनाले 'शिक्षा' शीर्षकमा आआफ्नो कविता वाचन गरेका थिए भने माध्यमिक तहका १३ जनाले 'अनौपचारिक शिक्षाको दैनिक जीवनमा महत्त्व' शीर्षकमा वक्तृत्वकला प्रतियोगितामा भाग लिएका थिए ।

सो अवसरमा विद्यालयका प्रधानाध्यापक अनन्तकुमार लाल दासले शिक्षाविना विकास र समृद्धिको कुनै अर्थ हुँदैन ।

शिक्षा जीविकाका लागि होइन, जीवनको लागि हुनुपर्छ भन्ने कुरामा जोड दिँदै २०७८ को जनगणना अनुसार अहिले पनि ३२.०९ प्रतिशत मानिस निरक्षर रहनु, त्यसमा पनि ५१ प्रतिशत महिला साक्षर नहुनुले राम्रो सङ्केत नदिएको

(बाँकी पाँचौं पातामा)

# नगरपालिका कर्मचारी एसोसिएशनको अध्यक्षमा कर्ण

प्रस, वीरगंज, २३ भदौ/

नेपाल नगरपालिका कर्मचारी एसोसिएशन वीरगंज महानगरपालिकाको नयाँ कार्यसमिति चयन भएको छ ।

मनोज कर्णको अध्यक्षतामा बुधवार १५ सदस्य नयाँ कार्यसमिति गठन भएको बताइएको छ ।

कार्यसमिति उपाध्यक्ष चन्द्रकिशोर राम, सचिव भोगेन्द्र चापागाई, कोषाध्यक्ष राजेश डङ्गोल र सहसचिव रामजिनिश चौरसियालगायत सदस्य छन् ।

यसैगरी बैठकले केन्द्रीय प्रतिनिधिमा सोहन थापा, मनोज कर्ण र विक्रम श्रेष्ठलाई चयन गरेको छ ।

# शिक्षक भेलामा शिक्षकको हितमा काम गर्ने प्रतिबद्धता

प्रमोद यादव, पचगावाँ, २३ भदौ/

पटेर्वा सुगौली गाउँपालिकास्तरीय नेपाल शिक्षक सङ्घको आयोजनामा वडा नं.-४ पथरैयास्थित जनता आधारभूत विद्यालयमा शिक्षकहरूको भेला सम्पन्न भएको छ ।



तस्वीरः प्रतीक

नेपाल शिक्षक सङ्घमा आबद्ध शिक्षकको सदस्यता नवीकरण र नयाँ सदस्यता थप गर्ने, शिक्षक र शैक्षिक संस्थामाथि हुने विभेद अन्त गर्न सरोकारवालाहरूको ध्यानाकर्षण गराउने जस्ता विषयमा छलफल गरिएको नेपाल शिक्षक सङ्घ पटेर्वासुगौली गापा अध्यक्ष हरिराजप्रसाद यादवले बताए ।

उनले शिक्षक सङ्घको अगुवाइमा कुनै पनि शिक्षक वा शैक्षिक संस्थालाई विभेदमा पर्न नदिन प्रतिबद्ध रहेको बताए । आगामी दिनमा कुनै पनि शिक्षकको जायज गुनासो छ भने शिक्षक सङ्घले अगुवाइ गर्ने उनले बताए ।

शिक्षक सङ्घको त्रैमासिक बैठक गर्ने, र गुनासो सङ्कलन गर्ने सचिव लक्ष्मीनारायण ओझैया थारूले बताए ।

कार्यक्रममा शिक्षक सङ्घका उपाध्यक्ष सुनीता देवी, सदस्यहरू निरमाया आले, इन्द्र गौतम, राजेश्वर प्रसाद, सोनामतीदेवी, मन्तुरादेवी, रामनारायण पञ्जियारलगायतको उपस्थिति थियो ।

## फरार अभियुक्त जेल चलान

प्रस, वीरगंज, २३ भदौ/

जिल्ला प्रहरी कार्यालय, बाराले लागू औषध मुद्दामा अदालतबाट सजाय र जरिवाना भएपछि फरार एकजनालाई पक्राउ गरी सजाय भुक्तानका लागि वीरगंज कारागार चलान गरेको छ ।

बारा जिल्ला अदालतले २०७४ साल जेठ २८ गते लागू औषध (गाँजा) मुद्दामा एक वर्ष कैद र रु पाँच हजार जरिवाना ठहर गरेपछि फरार रहेका कलैया उपमहानगरपालिका-१६ दोहरी पकडी टोल बस्ने नागेन्द्र रामलाई हिजो बिहान पक्राउ गरेको प्रहरी निरिक्षक रामकाजी थापाले बताए ।

अभियुक्त गाउँमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरी बारा जिल्ला अदालतमा पेश गरेको र अदालतको आदेशमा सजाय भुक्तानका लागि वीरगंज कारागार चलान गरिएको बताए ।




# खेलकूदको संसार

## नवौ राष्ट्रिय खेलकूद प्रतियोगिता एनआरएन विजयी

काठमाडौं, २३ भदौ/रासस

नवौं राष्ट्रिय खेदकूद प्रतियोगिता अन्तर्गत राजधानीमा आजदेखि शुरू भएको पुरुष क्रिकेट खेलमा एनआरएन एकेडेमीले सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको छ ।




कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा एनआरएनले सुदूरपश्चिमलाई १२ रनले पराजित गर्दै विजय हात पारेको हो । खेलमा पहिला ब्याटिङ गरेको एनआरएनले सुदूरपश्चिम प्रदेशलाई ७५ रनको लक्ष्य दिएको थियो । जवाफमा सुदूरपश्चिम छ ओभरमा छ विकेट गुमाउँदै ६२ रनमा समेटियो ।

वर्षाका कारण खेल मैदान भिजेपछि निर्धारित समयभन्दा ढिला शुरू भएको खेललाई छ ओभरमा घटाइएको थियो । सुदूरपश्चिमका लागि खडक बोहोराले सर्वाधिक १२ रनको योगदान दिए भने कप्तान राजु रिजालले ११ रन जोडे । त्यसैगरी वसन्त खत्री १० रनमा आउट हुँदा शेर मल्लले आठ रन बनाए । लोकेन्द्र चन्दले सात, वसन्त कार्की र नारायण जोशीले समान ४/४ रन बनाए ।

बलिङतर्फ एनआरएनका आशिष पोखरेल र दीपक क्षत्रीले समान ३/३ विकेट लिए । त्यस अघि टस जितेर पहिले ब्याटिङ गरेको एनआरएनका लागि सागर पुनले सर्वाधिक ४६ रनको योगदान दिए भने कप्तान सुमन गौतमले २५ रनको योगदान दिए ।

बलिङमा सुदूरपश्चिमका हेमन्त धामी र शेर मल्लले समान २/२ विकेट लिए । नवौ राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत पुरुष क्रिकेटमा सात प्रदेश, तीन विभागीय टोली र एनआरएन गरी ११ टोलीको सहभागिता रहेको छ ।

## भलिबल सङ्घको अध्यक्षमा चन्द निर्वाचित

काठमाडौं, २३ भदौ/रासस



नेपाल भलिबल सङ्घको अध्यक्षमा जितेन्द्रबहादुर चन्द निर्वाचित भएका छन् । प्रतिस्पर्धी निरोज मास्केलाई २६ मत अन्तरले पराजित गर्दै चन्द सङ्घको नयाँ अध्यक्षमा चार वर्षका लागि निर्वाचित भएका हुन् ।

आज बिहान सार्वजनिक भएको निर्वाचन नतीजा अनुसार अध्यक्षमा निर्वाचित चन्दले ७६ मत तथा मास्केले ५० मत प्राप्त गरे । नवनिर्वाचित अध्यक्ष चन्द यस अघि सङ्घको महासचिव थियो । यसैगरी महासचिवमा अध्यक्ष चन्दकै प्यानलबाट रोशन श्रेष्ठ निर्वाचित भए । उनले ८५ तथा प्रतिस्पर्धी मनवीर छन्त्यालले ३९ मत प्राप्त गरे ।

यस्तै कोषाध्यक्षमा चन्द प्यानलकै श्याम श्रेष्ठ निर्वाचित भए । उनले ७८ तथा प्रतिस्पर्धी रीता कोइरालाले ४६ मत प्राप्त गरे । सङ्घको बागमती प्रदेशबाट उपाध्यक्ष गौतम लाछिवा ६४ मत प्राप्त गर्दै निर्वाचित भए । उनको प्रतिस्पर्धि ज्योती केसीले ५९ मत प्राप्त गरे ।

सङ्घको नयाँ नेतृत्वसहित सात उपाध्यक्ष, महासचिव, सात सचिव, कोषाध्यक्ष र ११ कार्यसमिति सदस्यका लागि निर्वाचन भएको थियो । सङ्घमा दुई उपाध्यक्ष र १० सदस्य मनोनयनबाट आउने व्यवस्था छ । मतदान अघि नै छ उपाध्यक्ष निर्विरोध निर्वाचित भएका थिए । उपाध्यक्षमा गण्डकी प्रदेशबाट याम गुरुङ, मधेस प्रदेशबाट उपेन्द्र यादव, सुदूरपश्चिम प्रदेशबाट हरकसिंह धामी, कर्णाली प्रदेशबाट भरतबहादुर शाह, प्रदेश १ बाट मदन खड्का र लुम्बिनी प्रदेशबाट भीम ओली निर्विरोध निर्वाचित भए ।

सचिवमा प्रदेश १ बाट विनोद श्रेष्ठ, लुम्बिनी प्रदेशबाट झकबहादुर मिदेन, कर्णालीबाट सोमबहादुर श्रेष्ठ, मधेसबाट मोहम्मद फिरोज, गण्डकीबाट श्रीधर शर्मा, सुदूरपश्चिमबाट गणेशसिंह ठगुन्ना र बागमती प्रदेशबाट सुनकेसरी माली निर्विरोध निर्वाचित भए । निर्वाचनमा १२६ जनाले मतदान गरेका थिए ।

# सालको गुलिया काठसहित एकजना पक्राउ

प्रस, पचगावाँ, २३ भदौ/

सबडिभिजन वन कार्यालय सबैयाले वीरगंज महानगर-३१ बाट दुई थान सालको गुलिया काठ बरामद गरेको छ ।

राष्ट्रिय वन जङ्गलबाट अवैधरूपमा सालको रूख कटान गरी काठ तस्करहरूले साइकलमा लोड गरी ल्याउँदै गरेको सूचना पाएर बिहीवार बिहान तीन बजे एकजना तस्करसहित काठ बरामद गरेको सुबेदार प्रदीप तिमिल्सिनाले बताए ।



बरामद काठ र साइकल ।
तस्वीरः प्रतीक

उनले वीरगंज महानगरपालिका-३१ निवासी ६० वर्षीय रामानन्द महतोलाई दुई थान सालको गुलिया काठसहित पक्राउ गरेको र आवश्यक कारबाहीको लागि डिभिजन वन कार्यालय, वीरगंज चलान गरिएको बताए । सुबेदार तिमिल्सिनाले महतोसहित दुई थान साइकल र सालको गुलिया काठ बरामद भए पनि एकजना भाग्न सफल भएको बताए ।

## उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं; फजुल खर्च नगरौं ।
- बचत गरी बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गरौं ।
- स्थानीय स्रोतको परिचालन गरी उत्पादनमा लगानी गरौं ।
- आर्थिकरूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बारा काङ्ग्रेस....

धुनिया, जयचन्द्र चौरसिया, राजेशकुमार सिंह भूमिहार, मतिउर्रहमान, अनिल मण्डल, अख्तर हुसैन मन्सुर, अफ्तर हँसेनको नाम सिफारिश गरेको छ ।

यसैगरी बारा क्षेत्र नं. ४ (क) बाट मन्सुर समूहले श्यामबाबू गुप्ता, छविलाल शर्मा, टीकाराम पौडेल, ओमकृष्ण कार्की, नवराज त्रिपाठी, कपिलदेव यादव, राजु पौडेल र (ख) बाट जयनारायणप्रसाद यादव, विजय गुप्ता, महेन्द्रप्रसाद गुप्ता, लालबाबूप्रसाद यादव, दिनेशप्रसाद साह, कुबेरप्रसाद साहको नाम सिफारिश गरेको छ भने चौधरी समूहले क्षेत्र नं ४ (क) बाट श्यामबाबू गुप्ता, शोभा लामा, नारायणी रायमाझी, नवराज त्रिपाठी, कपिलदेवप्रसाद यादव, ओमकृष्ण कार्की, टीका पौडेल, राजु पौडेल र (ख) बाट लोकेश सिंह, हरिशङ्करप्रसाद साह, विजय गुप्ता, दिनेशप्रसाद साह र महेन्द्रप्रसाद गुप्ताको नाम सिफारिश गरेको छ ।